**मजदुर विज्ञापन शाखा**

**नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५**

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ६९ ★ ने. सं. ११४६ चौला गा, प्रतिपदा ★ शुक्रबार ★ २० चैत, २०८२ ★ April 3, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# डकर्मी, सिकर्मी आदि प्राविधिकहरूको डिग्री निर्धारण हुनु जरुरी



भक्तपुर, १९ चैत । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा बिहीबार एक विशेष समारोहबिच सङ्घको १३ औं भेला तथा छैटौं पुनर्गठन कार्यक्रम भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले गमलामा फूल रोपी उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

सचिव सुवालले भन्नुभयो, "देश विकासको लागि प्राविधिकहरूको महत्त्व हुन्छ । डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, सूचिकारलगायत प्राविधिकहरूको शैक्षिक डिग्री निर्धारण हुनु जरुरी छ ।"

"नेपालमा औद्योगिक क्रान्तिपछि मजदुरहरूको जीवन पीडादायी थियो । बेलायती मजदुरहरूको मागपत्र आन्दोलनमा 'काम गरेर बाँचौं; लड्दा लड्दै मरौं' नारा लगाइएको थियो", उहाँले उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको एउटै स्वार्थ देश र जनताको निःस्वार्थ सेवा भएकोले नेमकिपा ३५ वर्षयता सरकारमा गएका दलहरूभन्दा फरक रहेको सचिव सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको हितमा नेमकिपाको त्याग, तपस्या र बलिदान नेपाली जनताले बिर्सने छैनन्; यो हाम्रो विश्वास हो । देश र जनताको हित चाहनेहरूले नेमकिपाको समर्थन गर्नेछन् ।"

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले संसारलाई बस्नको निम्ति घर निर्माण गर्नेहरू नै डकर्मीहरू हुन् भन्नुभयो ।

आयोजक सङ्घका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको सो कार्यक्रममा सिकर्मी सङ्घका अध्यक्ष विक्रम ढुकुछु र सङ्घका सचिव रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

भेलाले सङ्घको भक्तपुर जिल्ला समिति पुनर्गठन गर्दै रमेश दुमरूको अध्यक्षतामा २१ सदस्यीय नयाँ समिति चयन गरेको छ ।

# बाजा प्रतियोगिताको लागि सांस्कृतिक गुरुहरूको भेला



भक्तपुर, १९ चैत । भक्तपुर नगरपालिकाले बिहीबार सांस्कृतिक गुरूहरूको भेला गऱ्यो ।

नगरपालिकाको सभाकक्षमा भएको उक्त भेलामा नगर प्रमुख सुनिल प्रजापतिले जनताको सल्लाह, सुझावअनुसार भक्तपुर नगरपालिकाले हरेक वर्ष एक विधामा बाजा प्रतियोगिता आयोजना गरिरहेको बताउँदै जुनसुकै विधामा प्रतियोगिता गरे तापनि सोसँग सम्बन्धित विषयमा गुरुहरूसँग राय, सल्लाह र सुझाव लिने गरेको बताउनुभयो ।

भक्तपुर नगरलाई सफा र सुन्दर बनाउन सरसफाइमा विशेष ध्यान दिँदै संस्कृति जगेर्नाको कार्य गरिरहेको उल्लेख गर्दै उहाँले संस्कृतिकर्मीहरू समाजका सम्मानित व्यक्तित्त्व भएको बताउनुभयो । नगरको महत्त्वपूर्ण मौलिक अमूर्त सम्पदा सूचीकरणका लागि निरन्तर प्रयास भइरहेको बताउँदै उहाँले भक्तपुर नगरपालिकाले भक्तपुर नपाभित्रका अभौतिक सम्पदाहरू कसिमला पाँय्, कवांचा प्याखं, जुजु धौ, भादगाउँले कालो टोपी, रणजीत मल्लको पुरानो दुई वटा गीतहरूको अमूर्त सांस्कृतिक सम्पदामा सूचिकृत गर्न नगरपालिका प्रयासरत छ भन्नुभयो ।

कार्यक्रममा वडाध्यक्षहरू रवीन्द्र ज्याख्व, राजकृष्ण गोराले पनि बोल्नुभएको थियो । वडाका सांस्कृतिक गुरुहरू विश्वनाथ प्रजापति, कृष्णकुमार सुवाल, विष्णुप्रसाद प्रजापति, ज्ञानेन्द्र सुवाल, कृष्णगोपाल त्वायना, लक्ष्मीभक्त सिजख्व, विष्णुबहादुर मानन्धरलगायतले दाफा भजन, लालाखिं, नायखिं बाजा, मालती बाजा, पोङा बाजा प्रतियोगिता नभएकोले तीमध्ये एक वटाको प्रतियोगिता गर्न उपयुक्त हुने सुझाव दिनुभएको थियो ।

यसअघि भनपाको आयोजनामा बाँसुरी बाजा, धिमेय् बाजा, धाँ बाजा, पछिमाय् बाजा, प्रगतिशील भजनलगायतका बाजाहरूको प्रतियोगिता सम्पन्न भइसकेका छन् । आ.व. २०८२/८३ को लागि कुन बाजाको प्रतियोगिता गर्दा उचित हुने भन्ने उद्देश्यले बाजा गुरुहरूको भेला गरिएको हो ।

# संसद् जनताको माग सम्बोधन गर्ने थलो

काठमाडौं, १९ चैत । सङ्घीय संसद्को पहिलो अधिवेशन बिहीबारदेखि प्रारम्भ भयो । निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय कक्षमा भएको सो बैठकमा प्रतिनिधिसभामा सहभागी दलका नेताहरूले आ-आफ्नो दलको धारणा राखेका थिए । प्रतिनिधिसभाको सो पहिलो बैठकमा देश विदेशका कुरा उठे । सांसदहरूले सदनभित्रैबाट विभेदको अन्त्य हुनुपर्ने विचार व्यक्त गरे । चन्द्र सूर्य रहेसम्म देश रहिर हनुपर्छ । कुनै पनि बहाना, दबाब र हस्तक्षेपबाट स्वाधीनता र सार्वभौमसत्तामा हस्तक्षेप हुनुहुँदैन । राष्ट्रघाती व्यापारिक सम्झौता एमसीसी खारेज गर्नुपर्छ । त्यस्तै एसपीपी सम्झौता गरेर देशलाई दूरगामी असर पार्ने काम सरकारले रोक्नुपर्छ । देशका मन्त्री र सांसदहरूबाटै सम्पत्ति छानबिन गर्न सरकारले पहल गर्नुपर्छ । सरकारले गरेको निर्णय पहिले सरकारका मन्त्री र सांसदहरूले लागू गर्नुपर्छ । बन्द भएका एक एक उद्योगहरू खोल्नुपर्छ । देशको प्राकृतिक स्रोत र साधन बढीभन्दा बढी उपयोग गरेर देशमा जनताका आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ सरकार लाग्नुपर्छ ।

बहुमतको नाउँमा सरकारले निरङ्कुशता लाद्नु हुँदैन । आफ्नो हक हितको निम्ति लड्ने विद्यार्थी र शिक्षक सङ्गठन खोल्ने मौलिक हकमा सरकारले अवरोध गर्नुहुँदैन । देश र जनताको मागलाई सरकारले एक एक पूरा गर्नुपर्छ । संसद् सांसदहरूको कुरा सुन्ने थलो मात्र होइन; जनताका माग र समस्याको निकास खोज्ने र समाधान गर्ने थलो बन्नुपर्छ । स्वदेशमै रोजगारीको बन्दोबस्त गर्ने, विकास गाउँ-ठाउँमा पुऱ्याउने, युवा पलायन रोक्ने काम हुनुपर्छ, विदेशी हस्तक्षेप हुनसक्ने कुनै पनि सम्झौता र सहमति गर्न नहुनेतर्फ सरकार संवेदनशील हुनुपर्छ । भ्रष्टाचारीहरूको फाइल खोलेर मात्र भ्रष्टाचार अन्त्य हुँदैन । भ्रष्टाचारीहरू कारबाहीमा पर्नुपर्छ । सरकारले देशमा भ्रष्टाचार गर्ने मौका दिनु हुँदैन । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ । देशको कुनै अमूल्य सम्पदा र सम्पत्तिमा आगजनी गरेर, नेताहरूको आवासमा आगजनी गरेर भ्रष्टाचार अन्त्य हुँदैन । पदको दुरूपयोग

*बाँकी पृष्ठ ८ मा*

# न्यायपालिकालाई सीमाबाहिर धकेल्नु अहितकर

पुँजीवादी व्यवस्थाको हाम्रो संविधानले विधानपालिका र कार्यपालिकाबिचको सन्तुलनलाई ध्यानमा राखी न्यायपालिकाको बन्दोबस्त गरेको बारे सबै अवगत छन् । तर, संविधानको संरक्षणको नाममा विधानपालिका र कार्यपालिका दुवैको काम न्यायपालिकाले गर्नु र गराउनु कति उपयुक्त होला ? छलफल र चिन्तनको विषय हो ।

पुँजीवादी प्रजातान्त्रिक व्यवस्थाको मर्म नै जनताद्वारा निर्वाचित प्रतिनिधिसभामा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुने हो । तर, प्रतिनिधिसभाको बैठकले गर्नुपर्ने काम सडक वा अन्य संस्थाबाट गर्ने नेपालको वर्तमान संविधानको व्याख्या देश र जनताको हितमा तथा स्थिर सरकारको पक्षमा हुँदैन ।

हरेक प्रजातान्त्रिक देशका सङ्घ-संस्था र राजनीतिक दलहरूको विधानसमेत प्रजातान्त्रिक परिपाटीअनुसार निर्माण गरिएन भने त्यस्ता राजनीतिक दलमाथि पनि चोर औंला ठडिएको पाइन्छ । यसकारण, हरेक राजनीतिक दल र संस्थाहरूमा अनुशासनसम्बन्धी नियम - उपनियमको बन्दोबस्त गरिएको हुन्छ । जसरी हरेक स्कूल र कलेजको नियम र उपनियम पालन गराउन प्रधानाध्यापक र प्रिन्सिपलको बन्दोबस्त हुन्छ त्यस्तै राजनीतिक दलहरूमा प्रजातान्त्रिक परिपाटीको बन्दोबस्त गराउन र सञ्चालन गराउन संसदीय नियमावलीमा सचेतकमार्फत 'ह्वीप' को व्यवस्था हुनु नौलो विषय होइन ।

सर्वोच्च अदालतको व्याख्याअनुसार 'सांसद स्वतन्त्र हुन्छन्' भन्ने आसयले सांसदहरूलाई संसदीय दलको 'ह्वीप' लाग्दैन भन्ने तर्कले निश्चय पनि सांसदहरूमा राजनीतिक अस्थिरता हुनुको साथै राजनीतिक नैतिकता खुकुलो हुने खतरा भविष्यले देखाउने निश्चत छ ।

प्रचलित प्रजातान्त्रिक कार्यशैली र परम्परालाई समेत नाघ्ने कार्यले नेपालमा चलिआएको 'वेस्ट मिनिस्टर सिस्टम' अफापसिद्ध भयो । सबै पार्टीहरूको योग्यताअनुसार र समावेशी ढङ्गको राजनीतिक व्यवस्था उत्तम छ भन्ने सन्देश गएमा आश्चर्य हुनेछैन । किनभने, अहिले संसारमा पश्चिमी शैलीको प्रजातन्त्र पश्चिमी देशहरूमै असफल भइरहेको प्रस्ट भइसकेको छ ।

बेलायत र स्पेनमा मात्रै होइन युरोपबाट टाढा इजरायल र अर्मेनियादेखि नेपालसम्मै सरकारमा अस्थिरता भएबाट यस्तो कुरा प्रस्ट हुन्छ । पश्चिमी गोलार्द्धको राष्ट्रपतीय बन्दोबस्तमा पनि प्रश्न चिह्न लाग्यो - पूर्वराष्ट्रपति ट्रम्पले नै आफ्ना समर्थकलाई प्रतिनिधिसभा भवनसम्म उपद्रव गर्न दिनु तथा हाइटीका राष्ट्रपतिको हत्यामा अन्य देशका सरकारी कार्यालयमा काम गर्ने व्यक्तिहरूमाथि समेत शङ्का गरिनुबाट कुरा प्रस्ट हुन्छ ।

ठीक हो, हाम्रो देशमा 'वेस्ट मिनिस्टर सिस्टम' असफल नै भएको हो भने राजनीतिक पार्टीहरूले छलफल गरी संसद्बाटै घोषणा गरी जनमतअनुसार संविधान संशोधन गर्नु आवश्यक छ । व्यापक जनताको हितमा नयाँ र कम विवाद हुने संविधानको निम्ति जनतासम्म राजनीतिक पार्टीहरू पुग्नु जरुर पनि राम्रो प्रजातान्त्रिक अभ्यास हुनेछ ।

यसको अर्थ न्यायपालिकालाई राजनीतिक झमेलामा फस्नबाट जोगाउनु, कम बोझ दिनु र राजनीतिकरूपले नसुल्झने स्थितिमा मात्रै अदालतलाई विवादबाट माथि उठ्ने गरी निर्णय गर्न दिनु तथा त्यसको गरिमा एवम् विश्वासलाई कायम गर्ने वातावरण तयार गर्नु सबैको कर्तव्य हुनेछ ।

*साप्ताहिक 'श्रमिक' बाट*

# ओली-लेखकलाई थप दुई दिन हिरासतमा राख्न आदेश

काठमाडौं, १९ चैत । जिल्ला अदालत काठमाडौंले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई थप दुई दिन हिरासतमा राख्न अनुमति दिएको छ ।

बिहीबार न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले थप दुई दिन हिरासतमा राख्न अनुमति दिएको सूचना अधिकारी दीपककुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार लेखकको बयान लिने काम सकिएको छ भने ओलीको जारी छ । यसअघि आइतबार जिल्ला अदालतका न्यायाधीश आनन्द श्रेष्ठको इजलासले पाँच दिन हिरासतमा राख्न अनुमति दिएको थियो । उक्त म्याद बुधबार सकिएको थियो ।

आदेशमा ओलीको स्वास्थ्य अवस्था जटिल रहेको भन्दै म्याद थप गर्ने क्रममा श्रव्यदृश्य माध्यमबाट अदालतमा उपस्थित गराइएको उल्लेख छ । अदालतले स्वास्थ्य उपचारसमेतलाई असर नपर्ने गरी अनुसन्धान गर्न आदेश दिएको छ ।

अदालतले आयोगको प्रतिवेदन ल्याउन आदेश दिएको छ ।

# ब्रह्मचारिणी आधारभूत विद्यालयको नयाँ भवन शिलान्यास




भक्तपुर, १९ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा-१० भुतिपाखामा ब्रह्मचारिणी आधारभूत विद्यालयको नयाँ भवन निर्माणको शिलान्यास गर्नुभयो । शिलान्यासपछि आयोजित कार्यक्रममा उहाँले नयाँ पुस्तालाई सभ्य र संस्कारयुक्त बनाउन आवश्यक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणलगायत शिक्षक तालिममा विशेष ध्यान दिइरहेको बताउनुभयो ।

विगतमा अग्रजहरूले शैक्षिक विकासको लागि स्थानीय क्षेत्रमा उपलब्ध द्योछैं, सत्तल, पाटी पौवामा विद्यालय स्थापना गरी सञ्चालन गरेको भए पनि आजको जमानामा आधुनिक सुविधा सम्पन्न आफ्नै विद्यालय निर्माण भइरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो "निर्माणका साथै शैक्षिक गुणस्तरमा विशेष ध्यान दिनुपर्छ ।"

अग्रजहरूको योगदानले आज भक्तपुर देशकै राम्रो शैक्षिक गन्तव्य बनिरहेको चर्चा गर्दै उहाँले भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास हुँदै छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं पूर्वउपप्रमुख चैत्यराज शाक्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उहाँले वाग्मती प्रदेश सरकारको रु. ३५ लाखको आर्थिक सहयोगमा उक्त भवनको पहिलो चरणको काम हुन लागेको जानकारी दिनुभयो ।

कार्यक्रममा भनपा-१० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले उच्च शिक्षाको जग आधारभूत तहको शिक्षा राम्रो पार्न त्यसको भौतिक अवस्था पनि राम्रो हुनुपर्ने बताउनुभयो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापतिले विद्यार्थी न्यून हुनासाथ नजिकका ठुलो विद्यालयमा विद्यालय मर्ज गर्ने सरकारी नीति गलत भएको चर्चा गर्दै प्रयास गऱ्यो भने न्यून सङ्ख्याको विद्यार्थी बढाउन सकिन्छ भन्ने उदाहरण ब्रह्मचारिणी स्कूल नै हो भन्नुभयो । उहाँका अनुसार २०७६ सालमा २ जना मात्र विद्यार्थी भएको यो विद्यालयमा अहिले कक्षा ३ सम्म ७५ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

कार्यक्रममा प्रधानाध्यापक राधिका कोजु र पूर्वशिक्षक चन्द्रबहादुर उलकले पनि बोल्नुभएको थियो ।

# जेन्युइन स्कूलमा दीक्षान्त समारोह



भक्तपुर, १९ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जेन्युइन सेकेन्डरी स्कूलको किन्डरगार्डेन सेक्सनको दीक्षान्त समारोह बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विद्यार्थीहरूको स्तरोन्नतिको निम्ति बधाई दिँदै दीक्षित सम्पूर्ण विद्यार्थीमा शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले हरेक संस्थाले प्रगति गर्दा आफ्नो मौलिक स्वरूप अपनाउनुपर्ने बताउँदै अरुको नक्कल गर्नेहरूले आफ्नो पहिचान बनाउन नसक्ने बताउनुभयो । भक्तपुर नपाअन्तर्गत ९२ वटा विद्यालय सञ्चालित रहेकोमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई उत्कृष्ट शिक्षा दिने उद्देश्यले नगरपालिकाले अभिभावकत्व ग्रहण गरी निरन्तर प्रगतिको प्रयास गरिरहेको बताउनुभयो ।

हरेक विद्यार्थीमा कुनै न कुनै फरक गुण हुने हुँदा विद्यार्थीलाई पढाइ सँगसँगै नैतिक ज्ञानका साथै व्यवहारिक बनाउन जोड दिँदै प्रमुख प्रजापतिले भन्नुभयो, "पढाइ मात्रै ज्ञान होइन, जुनसकै विषय सिक्नु पनि ज्ञान हो ।"

उहाँले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा ज्ञान प्रदान गर्नु शिक्षकहरूको दायित्व भएको चर्चा गर्दै अधारभूत तहमा पढ्ने विद्यार्थीहरूको जग मजबुत बनाई भोलिको सभ्य, सुसंस्कृत समाज निर्माणको लागि जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विद्यालयका निमित्त प्रिन्सिपल राजन धौभडेलले दीक्षान्त समारोह गर्नुको मुख्य उद्देश्य स-साना विद्यार्थीहरूको मिहेनत, उपलब्धि, शैक्षिक प्रगतिलगायतका विविध गतिविधिहरूलाई अभिभावकका अगाडि हौसला स्वरूप प्रस्तुत गर्नु हो भन्नुभयो ।

उहाँले विद्यालय अक्षर चिनाउने संस्थामात्र नभई राम्रो संस्कार, सहिष्णुता, अनुशासनलगायत विद्यार्थीहरूको सर्वाङ्गीण विकासको पूर्ण जिम्मेवारी लिने संस्था पनि रहेको बताउनुभयो ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष नारायणभक्त थाको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक सौगात गेलाल, अभिभावक प्रतिनिधि महेश मास्के र शिक्षिका रीना तिमिलाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले किन्डरगार्टेनका ५४ जना विद्यार्थीहलाई दीक्षित गर्नुभयो ।

# शान्तिपूर्ण रूपमा एसईई परीक्षा सुरु

भक्तपुर, १९ चैत । यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षाको बिहीबारदेखि देशभरका एक हजार ९६६ परीक्षा केन्द्रमा शान्तिपूर्ण रूपमा सुरु भयो ।

बिहीबार पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षामा विद्यार्थी सामेल भएका छन् । परीक्षा यही चैत २९ गतेसम्म हुने छ । परीक्षामा पाँच लाख १२ हजार ४२१ जना सहभागी छन् । जापानको एक परीक्षा केन्द्रमा २३ जना सहभागी भएका छन् । परीक्षामा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जना र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जना सहभागी छन् ।

तीन घण्टाको परीक्षामा अतिरिक्त समय आवश्यक पर्ने अपाङ्गता भएकाहरूलाई थप एक घण्टा ३० मिनेटको व्यवस्था गरिएको छ । त्यसैगरी, उनीहरूलाई लेखन सहयोगीका रूपमा कक्षा ९ सम्म अध्ययन गरेकालाई अनुमति दिइएको छ ।

यही चैत २९ गते सम्पन्न हुने एसईई परीक्षामा यस वर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुनेछन् । तीमध्ये नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् । परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी छ । यस वर्ष दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुनेछन् । जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदै छन् । परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने माध्यमिक तह अध्यापन हुने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

परीक्षा नियन्त्रण कार्यालयले सातै प्रदेशका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा प्रश्नपत्र सम्बन्धित केन्द्रमा पठाइसकिएको छ । परीक्षाको सुरक्षाका लागि प्रत्येक केन्द्रमा १५ जना प्रहरी, एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर एक निरीक्षक, १०० परीक्षार्थी बराबर एक कार्यालय सहयोगी र अन्य दुई कर्मचारीको व्यवस्था गरिएको बोर्डले जनाएको छ ।



**तीन दिनभित्र उत्तरपुस्तिका परीक्षण गराइने**

यस वर्ष परीक्षा सम्पन्न भएको बढीमा तीन दिनभित्र परीक्षण सम्पन्न गरिसक्ने योजना छ । यसैगरी 'मार्कस्लिप प्रिन्ट' गरी 'ट्याब' मा चढाई खाममा 'सिलबन्दी' गरी गोप्य र सुरक्षित रूपमा शिक्षा विकास तथा समन्वय एकाइमा तीन दिनभित्र बुझाउनुपर्ने नयाँ व्यवस्था गरिएको छ ।

केन्द्रले प्राप्त हुने उत्तरपुस्तिकामा 'प्याकेट' तोकिएको ढाँचामा लगत खडा गरी राख्नेछ । तत्पश्चात् सिलबन्दी खाममा परीक्षा केन्द्र र विषय उल्लेख गरेर परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) मा पठाउनुपर्नेछ ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२ मा परीक्षा समाप्त हुने समयमा तोकिएका परीक्षकहरू परीक्षण केन्द्रमा पुगिसक्नुपर्ने प्रबन्ध गरिएको छ । सम्बन्धित विद्यालयको उत्तरपुस्तिका नपर्ने गरी परीक्षक र संपरीक्षक व्यवस्था गर्नुपर्नेछ । नतिजा प्रकाशनलाई प्रदेशगत रूपमा पनि प्रकाशन गर्न सकिने व्यवस्था गरिएको छ ।

उत्तरपुस्तिका परीक्षक र संपरीक्षकलाई परीक्षण केन्द्रमा नै रहेर परीक्षण गर्न भनिएको छ । परीक्षण केन्द्र रहेको विद्यालय भवनको सम्भव भएसम्म सिसिटिभी जडान भएको सुरक्षित कक्षमा परीक्षण र संपरीक्षण गराउने व्यवस्था गरिएको छ भने परीक्षण केन्द्रबाट उत्तरपुस्तिका बाहिर लैजाने, तोकिएका परीक्षकको सट्टामा अन्यले परीक्षण गर्ने, तोकिएको योग्यता नपुगेका शिक्षकले परीक्षण गर्ने, उत्तरपुस्तिकाको पोका हराउन वा मिसिन सक्नेजस्ता अनियमितता रोक्ने प्रबन्ध गरिएको छ । परीक्षक र संपरीक्षकले परीक्षण कक्षमा मोबाइललगायतका विद्युतीय उपकरण ल्याउन नहुने निर्देशिकामा उल्लेख छ ।

परीक्षा भएकै दिन परीक्षक र संपरीक्षकलाई बुझाइने, परीक्षणमा लापरबाही गरेको पाइएमा लापरबाहीको मात्रा हेरी पुन: परीक्षण गराउने, पारिश्रमिक कट्टा गर्ने वा परीक्षकको सूचीबाट नाम हटाउने, अन्य अमर्यादित कार्य गरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत गर्ने निर्देशिकामा उल्लेख गरिएको छ ।

**सामूहिक अनुगमन निषेध**

यस वर्ष एसईई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ । परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सङ्घसङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि सामूहिक अनुगमनमा रोक लगाइएको हो । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको छ ।

परीक्षाको पहिलो दिन बिहीबार अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ । यस्तै, चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन, २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय, २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ र २९ गते प्राविधिक धारका बाँकी विषयहरूको परीक्षा सञ्चालन हुनेछ । ***रासस***

# राष्ट्रियसभाको २० औँ अधिवेशन सुरु

काठमाडौँ, १९ चैत । सङ्घीय संसद्अन्तर्गतको राष्ट्रियसभाको २० औँ अधिवेशन सुरु भएको छ । अधिवेशनको उदघाटनका अवसरमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रियसभाले परिपक्व, संयमित र समन्वयकारी सदनका रूपमा आफ्नो पहिचान स्थापित गर्न सफल भएको उल्लेख गर्दै यसलाई आगामी दिनमा पनि कायम राख्ने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष दाहालले राष्ट्रियसभा स्थायी सदन भएकाले प्रत्येक दुई वर्षमा एकतिहाइ सदस्यको पद रिक्त हुने संवैधानिक व्यवस्था अनुसार हालै १९ जना सदस्यलाई बिदाइ र १८ जना नयाँ सदस्यलाई स्वागत गरिएको जनाउँदै नवनिर्वाचित सदस्यको सहभागिताले संसद्को काम अझ समृद्ध र प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।

बानेश्वरस्थित सङ्घीय संसद् भवनमा भएको क्षति र सिंहदरबारमा निर्माणाधीन नयाँ भवन हालसम्म सम्पन्न नभएकाले हालको अधिवेशन पनि पुरानै भवनबाट सञ्चालन गर्नुपर्ने बाध्यता रहेको अध्यक्ष दाहालले जानकारी दिनुभयो । उहाँले निर्माणाधीन उक्त नयाँ भवन यथाशीघ्र सम्पन्न भई आधुनिक प्रविधिसहित संसद् सञ्चालन हुने अपेक्षा व्यक्त गर्नुभयो ।

नवनिर्वाचित सदस्यहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिँदै अध्यक्ष दाहालले यसले संसदीय अभ्यासलाई अझ व्यवस्थित बनाउने विश्वास व्यक्त गर्नुभयो । आगामी दिनमा विधेयक, नीतिगत विषय तथा राष्ट्रिय सरोकारका मुद्दामा सदस्यहरूको सक्रिय, रचनात्मक र उत्तरदायी सहभागिता रहने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

लोकतन्त्रको सुन्दर पक्ष स्वस्थ बहस, विचारको विविधता र सहमतिमा आधारित संस्कृतिमा निहित हुने रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले संसद्भित्र गरिमामय र तथ्यपरक बहस आवश्यक रहेकामा जोड दिनुभयो । उहाँले राष्ट्रिय हितलाई सर्वोपरि राख्दै राजनीतिक मतभेदभन्दा माथि उठेर काम गर्न सबै सदस्यलाई आह्वान गर्नुभयो ।

आजको बैठकमा अध्यक्ष दाहालले अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपतिबाट प्राप्त बेहोराको जानकारी गराउनुभएको थियो । आजको बैठकमा राष्ट्रियसभाका उपाध्यक्ष र राष्ट्रियसभाका विषयगत समितिका रिक्त सभापति पदको निर्वाचनका लागि मिति तोक्ने कार्यसूची रहेको छ । ***रासस***

# प्रतिनिधिसभाको पहिलो अधिवेशन प्रारम्भ

काठमाडौँ, १९ चैत । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएको छ । सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय कक्षमा प्रतिनिधिसभा बैठक सुरु भएको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलले यही चैत १६ गते नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा बिहीबारका लागि सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको थियो । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका १८२, नेपाली काङ्ग्रेसका ३८, एमालेका २५, नेकपाका १७, श्रम संस्कृति पार्टीका सात, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पाँच र एक स्वतन्त्र सांसद हुनुहुन्छ ।

**दलीय आधारमा सम्बोधन र तीन अध्यादेश पेस हुने**

बैठकमा तीन अध्यादेश पेस हुने सम्भावित कार्यसूची छ । गृहमन्त्री सुदन गुरुङले 'मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश २०८२' पेस गर्नुहुनेछ ।

सभाका ज्येष्ठ सदस्य/सभामुख अर्जुननरसिंह केसीले राष्ट्रपतिबाट प्राप्त अधिवशेन आह्वानसम्बन्धी पत्र तथा राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्री पदमा नियुक्ति तथा मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनुहुनेछ ।

बैठकमा सभामुखले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधिसभाले आफ्नो नियमावली नबनाएसम्मका लागि प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम कामकारबाही गर्ने प्रस्ताव स्वीकृतिका लागि प्रस्तुत गर्ने कार्यसूची तय भएको सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

सभामुखले सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सदस्यहरूको मनोनय गर्नुहुने सम्भावित कार्यसूचीमा उल्लेख छ । बैठकमा अधिवेशन प्रारम्भका अवसरमा दलीय आधारमा सदस्यहरूले आ-आफ्नो मन्तव्य राख्ने कार्यसूची तय भएको छ । सभामुखले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ७ बमोजिम प्रतिनिधिसभाको सभामुख पदको निर्वाचनका लागि दिन तोक्नुहुनेछ । ***रासस***

## सङ्क्षिप्त समाचार

# लागूऔषधसहित विभिन्न स्थानबाट २८ जना पक्राउ

काठमाडौँ, १९ चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट २८ जनालाई लागूऔषधसहित पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सुनसरीको कोसी नगरपालिका–८ भान्टाबारीबाट एक, झापाको भद्रपुर नगरपालिका–५ नरसिंह बगानबाट सात, कन्काई नगरपालिका–६ क्याम्पाबाट एक र धनुषाको मिथिला नगरपालिका–१० रातुपुलबाट तीन जनालाई पक्राउ गरिएको छ ।

त्यसैगरी, धनुषाधाम नगरपालिका–९ धारापानीबाट एक, बाँकेको जानकी गाउँपालिका–५ बाट एक, नेपालगञ्ज उपमहानगरपालिका–१६ बाट तीन, कैलालीको टीकापुर नगरपालिका–९ बालुवाटारबाट दुई र लम्कीचुहा नगरपालिका–१ भरुवाबाट एक जनालाई पक्राउ गरिएको छ ।

त्यसैगरी, काठमाडौँका विभिन्न स्थानबाट चार, बाँकेको कोहलपुर नगरपालिका–४ बेलनपुरबाट दुई र ललितपुरको बागमती गाउँपालिका–३ भट्टेडाँडाबाट दुई जनालाई पक्राउ गरिएको छ ।

केही अभियुक्तहरूबाट नगदसमेत बरामद भएको जनाइएको छ । उनीहरू बुधबार पक्राउ परेका हुन् । *रासस*

# बिहीबार विश्व अटिजम सचेतना दिवस

काठमाडौँ, १९ चैत । बिहीबार विश्व अटिजम सचेतना दिवस हो । यो मस्तिष्क विकाससँग सम्बन्धित छ ।

विशेषज्ञहरूका अनुसार अटिजम भनेको व्यक्तिको यस्तो अवस्था हो जसमा उसले सामान्य मानिसभन्दा पृथक रूपमा व्यवहार गर्दछ । बोल्ने र सोच्ने शैली फरक हुन्छ ।

अटिजम भएकाहरूको गरिमा, अधिकार र समाजमा समान सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् २००७ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो ।

राष्ट्रसङ्घले अटिजम भएका हरेक व्यक्तिको योगदान र अधिकारलाई सम्मान गर्ने सन्देश प्रवाहका निम्ति यस वर्ष यो दिवस मनाउन सदस्य राष्ट्रहरूसँग अनुरोध गरेको छ ।

यसै अवसरमा बिहीबार एक सन्देश जारी गर्दै राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले मानवअधिकार र मौलिक स्वतन्त्रताको पूर्ण कार्यान्वयनलाई प्रवर्द्धन गर्दै अटिजम भएकाहरूको समाजमा समान सहभागिता सुनिश्चित हुनुपर्नेमा जोड दिनुभएको छ । *रासस*



**सडक विस्तारको काम हुँदै**

बीपी राजमार्ग सडकखण्डअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकास्थित चारसयबेसी नजिकै खोला किनारमा पक्की पर्खाल निर्माण हुँदै । सो खण्डमा गत असोजको दोस्रो साता आएको बाढीले सडकको संरचना सबै बगाएपछि अहिले खोलाको सतहबाट नै पक्की पर्खाल निर्माण गर्न लागिएको हो । *तस्विर: पेमा लामा/रासस*

# बालश्रम मुक्त गर्न स्थानीय तहको भूमिका महत्त्वपूर्ण

लुम्बिनी, १९ चैत । सरोकार भएकाहरूले बालश्रम मुक्त गर्न स्थानीय तहको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको आयोजनामा रूपन्देहीका लुम्बिनी सांस्कृतिक नगरपालिका र गैडहवा गाउँपालिकामा आयोजित 'बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि कार्यान्वयन' विषयक अन्तरक्रिया कार्यक्रममा बुधबार सरोकार भएकाहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा बालश्रम मुक्त गर्न यससम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनमा समेत जोड दिइएको छ । सहभागीहरूले बालश्रम मुक्त समाज निर्माणका लागि जनचेतना अभिवृद्धि, अनुगमन प्रणाली सुदृढीकरण र सम्बन्धित निकायबिच समन्वय आवश्यक रहेको धारणा राखेका थिए ।

कार्यक्रममा विभागका अधिकृत रामसुन्दर थापाले कार्यपत्र प्रस्तुत गर्दै नेपालको संविधान र विभिन्न कानुनले बालश्रम निवारण गर्न मार्गनिर्देश गरेको बताउनुभयो । बालश्रमका १७ क्षेत्रमध्ये औद्योगिक र जोखिमपूर्णअन्तर्गत इँटा उद्योग, खानी क्षेत्र, भौतिक पूर्वाधार/निर्माण, यान्त्रिक वा रासायनिक क्षेत्र, जरी तथा बुट्टा भर्ने कामजस्ता क्षेत्र रहेको उहाँले बताउनुभयो ।

यस्तै, अनौपचारिक र सेवा क्षेत्रअन्तर्गत यातायात क्षेत्र, मनोरञ्जन क्षेत्र (यौन शोषणसमेत), होटल तथा रेष्टुरेन्ट, सडक व्यापार र छिमेकी देशमा पुर्‍याई श्रममा लगाउनेजस्ता क्षेत्र रहेको औँल्याइयो । कृषि र घरेलु श्रम, घरेलु श्रम, कृषि तथा पशुपालन, बाल भरिया, लागूपदार्थ सङ्कलन/ओसारपसार, बुनाइ, जडीबुटी सङ्कलन र स्थानीय तहले तोकेका अन्य क्षेत्रसमेत रहेका त्यस अवसरमा बताइयो ।

कार्यपत्रमा बालश्रम मुक्त स्थानीय तह घोषया प्रक्रिया, मापदण्ड र घोषणाका मुख्य सूचकहरूबारे जानकारी गराउँदै विभागका अधिकृत थापाले कम्तीमा बालबालिकाको विद्यालय भर्ना दर कम्तीमा पनि ९५ प्रतिशत हुनुपर्ने र विद्यालय जाने उमेरका सबै बालबालिकाको भर्ना सुनिश्चित हुनुपर्ने बताउनुभयो । यस्तै, बालिबालिका कुनै पनि नाबालकको जन्मसँगै स्थानीय तहमा जन्मेका सबै बालबालिकाको शतप्रतिशत जन्मदर्ता र अभिलेखीकरण अद्यावधिक तथ्याङ्क अनिवार्य हुनुपर्ने उहाँले जानकारी गराउनुभयो ।

"स्थानीय तहहरूमा बालश्रम मुक्त घोषणाका लागि संस्थागत संरचना स्थापना र बजेट विनियोजन बाल कल्याण अधिकारीको व्यवस्था र बालश्रम निवारणका लागि छुट्टै बजेट र नीति हुनुपर्छ," थापाले भन्नुभयो ।

तोकिएको ढाँचामा घरधुरी सर्वेक्षण गरी र प्रस्ताव तयार गरेर मन्त्रालयमा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पठाउनुपर्ने र प्रस्ताव स्वीकृत भएपछि छनोट भएका तहले पाँच लाखसम्मको अनुदान पाउने र लक्षित कार्यक्रमहरू शीर्षक सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी, अनुगमन समितिले सूचक पूरा भएको प्रतिवेदन दिएपछि स्थानीय तहको कार्यपालिकाको निर्णयबाट बालश्रम मुक्त घोषणा गरिने कार्यविधिमा व्यवस्था गरिएको छ । यसरी स्थानीय पालिकाले कार्यपालिकाबाट बालश्रम मुक्त घोषणा गर्ने निर्णय गरेपछि उक्त घोषणा कार्यक्रम सञ्चालनका लागि रु. तीन लाख र घोषणा भइसकेपछि दिगोपनाका लागि रु. दुई लाख अनुदान रकम उपलब्ध गराउने व्यवस्था रहेकासमेत कार्यक्रममा जानकारी दिइयो ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति लुम्बिनी प्रदेश प्रमुख भरत केसीले बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ कार्यान्वयनमा सञ्चारमाध्यमको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्दै सञ्चारमाध्यमले बालश्रमका नकारात्मक असरहरू, बालबालिकाको अधिकार र बालश्रमविरुद्धका कानुनी व्यवस्थाबारे समुदायमा व्यापक रूपमा सूचना फैलाउने बताउनुभयो । स्थानीय तहले बालश्रम मुक्त घोषणाका लागि गर्ने सर्वेक्षण, सार्वजनिक सूचना र प्रतिबद्धता पत्रबारे आमनागरिकलाई जानकारी गराउने दायित्व पनि सञ्चारमाध्यमको रहेको उहाँले बताउनुभयो ।

लुकीछिपी भइरहेका बालश्रमका घटनाहरू र निकृष्ट प्रकारका श्रममा लगाइएका बालबालिकाको अवस्थाबारे समाचार सम्प्रेषण गरी सरोकारवालाको ध्यान आकर्षण गराउने काम सञ्चारमाध्यमबाट हुने गरेको केसीले बताउनुभयो ।

कार्यक्रममा गैडहवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले बालश्रम न्यूनीकरणका लागि गाउँपालिकाले गरेका प्रयासबारे जानकारी गराउनुभयो । उहाँले नीति तथा कार्यक्रम 'समृद्ध गैडहवा, सुखी गैडहवावासी' मूल नारामार्फत बालबालिका क्षेत्रमा कार्यक्रम अघि बढाइएको बताउनुभयो ।

यस्तै, गाउँपालिका अध्यक्ष बालिका संरक्षण अभियानअन्तर्गत बालिका बीमा, विभिन्न स्वरोजगार कार्यक्रम, घटना दर्ता कार्यक्रम, बालमैत्री स्थानीय तहका लागि कार्यक्रमजस्ता बालबालिका लक्षित कार्यक्रम अवलम्बन गरिएको बालसुधार गृहलाई सहयोग उपलब्धलगायत कार्यहरू गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा गैडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले आफ्नो पालिकामा बालश्रम मुक्त पालिका घोषणा गर्न आवश्यक पूर्वाधार र संरचना तयार गरिने प्रतिबद्धता जनाउनुभयो । उहाँले समाजमा कहिलेकाहीँ गलत बुझाइका कारण धर्मका नाममा बालबालिकालाई प्रयोग गर्ने प्रवृत्ति अन्त्य गर्न सचेतना र आवश्यक कदम चाल्नु जरुरी रहेको बताउनुभयो ।

लुम्बिनी सांस्कृतिक नगरपालिकामा आयोजित कार्यक्रममा नगरपालिकाका कार्यवाहक नगरप्रमुख कल्पना हरिजनले लुम्बिनी सांस्कृतिक नगरपालिकामा बसोबास गर्ने अल्पसङ्ख्यक नटवा समुदायको उत्थान र पहिचानका लागि राज्यले ठोस कदम चालन नसक्दा समस्या भइरहेको बताउनुभयो ।

कार्यक्रममा बालश्रम न्यूनीकरण, बालअधिकार संरक्षण तथा बालमैत्री वातावरण निर्माणका विषयमा छलफल गरिएको विभागका अधिकृत रबिन कार्कीले जानकारी दिनुभयो । सहभागीहरूले कार्यक्रमले बालश्रमविरुद्धको अभियानलाई थप सशक्त बनाउँदै स्थानीयस्तरमा नीति कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो । *रासस*

# नदी कटान रोक्न जैविक तटबन्ध

दोधारा चाँदनी (कञ्चनपुर), १९ चैत । कञ्चनपुरमा नदी नियन्त्रणका लागि दातृ निकाय र जनश्रमदानमा जैविक तटबन्ध निर्माण गरिएको छ ।

कञ्चनपुरको पुनर्वास नगरपालिका र लालझाडी गाउँपालिकास्थित दोदा नदीको कटान रोक्न जैविक तटबन्ध निर्माण गरिएको पुनर्वास नगरपालिका– ७ का अध्यक्ष मुलचन्द रानाले नदी जानकारी दिनुभयो । हरेक प्रत्येक वर्ष नदीको बाढीबाट प्रभावित हुँदै आएको क्षेत्रमा तटबन्ध निर्माण गरिएको उहाँले बताउनुभयो ।

"हरेक वर्ष यहाँ करिब तीन सय परिवार बाढीबाट प्रभावित हुँदै आएका छन् । खेतीयोग्य जग्गा कटान हुँदै आएको छ । त्यसलाई रोक्न जैविक तटबन्ध निर्माण गरिएको हो," वडाध्यक्ष रानाले भन्नुभयो । लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मला रानाले यहाँको पुनर्वास र लालझाडी गाउँपालिका हरेक वर्ष बाढीबाट प्रभावित हुँदै आएको बताउनुभयो । उहाँले बाढी प्रभावित वडा नं १ र ४ मा जैविक तटबन्ध निर्माणको काम भइरहेको जानकारी दिनुभयो ।

नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ, स्थानीय पालिका र जनश्रमदानमा नदी नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण गरिएको हो । सङ्घद्वारा सञ्चालित 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण (सान)' परियोजनाअन्तर्गत कञ्चनपुर र कैलाली जिल्लाका नदी तटीय क्षेत्रमा कटान तथा डुबान नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण गरिएको परियोजनाका संयोजक देवराज बड्ूले जानकारी दिनुभयो ।

उहाँका अनुसार कञ्चनपुरको पुनर्वास नगरपालिकामा ७०० मिटर, लालझाडी गाउँपालिकामा ६०० र कैलालीको भजनी नगरपालिकामा ७०० मिटर जैविक तटबन्ध निर्माण गरिएको छ । पुनर्वासमा रु. २९ लाख १३ हजार, लालझाडीमा रु. ४४ लाख ७९ हजारको लागतमा तटबन्ध निर्माण गरिएको बड्ूले बताउनुभयो ।

उहाँले भन्नुभयो, "परियोजना, पालिका र जनश्रमदानमा तटबन्ध निमार्ण गर्ने थालिएको हो । स्थानीय स्रोतसाधनको प्रयोग र समुदायको सक्रिय श्रमदानका कारण यो तटबन्ध परम्परागत संरचनाभन्दा दिगो र वातावरणमैत्री छ ।"

परियोजना संयोजक बड्ूले जैविक तटबन्धले नदीको बहावलाई प्राकृतिक रूपमा व्यवस्थापन गर्ने भएकाले यसले दीर्घकालीन रूपमा भूक्षय रोक्न र तटीय क्षेत्रको जैविक विविधता संरक्षणमासमेत महत्त्वपूर्ण टेवा पुगाउने विश्वास व्यक्त गर्नुभयो । *रासस*

# दुर्गमका बासिन्दालाई उपचारका लागि हेलिकप्टर चार्टर गर्नुपर्ने बाध्यता

टक्सार (भोजपुर), १९ चैत । दुर्गम पहाडी जिल्लाका नागरिकलाई स्वास्थ्य उपचार गर्नका लागि हेलिकप्टर चार्टर गर्नुपर्ने अवस्था छ । जिल्लाका नागरिकले पनि स्थानीयस्तरमा सहज रूपमा स्वास्थ्य सेवा नपाउँदा आकस्मिक तथा गम्भीर प्रकृतिका बिरामीले थप उपचारका लागि हेलिकप्टर चार्टर गर्नुपर्ने बाध्यता छ ।

पूर्वका भोजपुर, खोटाङ, सङ्खुवासभालगायत जिल्लाका नागरिकले स्वास्थ्य सेवा लिनका लागि हेलिकप्टर चार्टर गर्नुपर्ने समस्या छ । उच्च रक्तचापका कारण स्वास्थ्यमा समस्या आएपछि भोजपुर नगरपालिका–६ घर भएका पञ्चकन्या माविका शिक्षक गणेश प्रधानलाई हेलिकप्टर चार्टर गरेर बिहीबार नर्भिक अस्पताल काठमाडौँ पठाइएको छ ।

जिल्लामा २०३५ सालदेखि हवाई उडान सुरु भए पनि नियमित उडान भएको छैन । यहाँ नेपाल वायु सेवा निगमको जहाजले काठमाडौँका लागि सातामा तीन उडान मात्र भर्दै आएको जिल्लास्थित निगमका प्रमुख प्रकाश खड्काले जानकारी दिनुभयो । "तालिकाका दिन मौसम खराब भएमा नियमित उडान हुँदैन । सदरमुकाममा हेलिकप्टरको आवाज सुन्नसाथ जिल्लामा बिरामी लिन आएछ भनेर थाहा हुन्छ । स्थानीय टुँडिखेलमा विगतमा नेपाली सेना र सरकारका मन्त्री आउँदा मात्र हेलिकप्टर आउनेमा पछिल्लो समय बिरामी लिनका लागि आउने गरेका छन्," उहाँले भन्नुभयो ।

जिल्लामा गुणस्तरीय स्वास्थ्य सेवाका साथै पर्याप्त प्रविधिसमेत नभएकाले उपचारका लागि नागरिक अन्यत्र जानुपर्ने समस्या रहेको स्थानीय सञ्जीव कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "बिरामीको अवस्था गम्भीर हुने र उपचारका लागि जतिसक्दो चाँडो लैजानुपर्नेलाई हेलिकप्टर चार्टर गरी लैजाने गरिएको छ, यो यहाँका नागरिकको बाध्यता हो ।"

हेलिकप्टर चार्टर गरी बिरामी लैजाँदा लाखौँ खर्च गर्नुपर्ने भएकाले न्यून आर्थिक अवस्था भएका सबैभन्दा बढी मार पर्ने गरेका कार्कीको भनाइ छ । "महँगो शुल्कमा हेलिकप्टर चार्टर गर्न बिरामीका आफन्त तयार हुने भए पनि कसरी हेलिकप्टर चार्टर गर्नेमा भन्नेमा समस्या हुने गरेको छ," उहाँले भन्नुभयो । स्थानीय यदु सुवालका अनुसार ग्रामीण क्षेत्रका सहज रूपमा स्वास्थ्य पहुँच विस्तार हुनु आजको आवश्यकता हो ।

। सम्पादकीय ।

# देश विदेशी शक्ति राष्ट्रहरूबाट मुक्त हुनुपर्छ

आन्दोलन सफल पार्न तोडफोड गर्ने, लुट्ने र आन्दोलन दबाउने नाउँमा लठीले कुटी कुटी घाइते बनाउने या तितरबितर बनाउने काम प्रजातान्त्रिक विधिभित्र पर्दैन । घारघुर गरेर मान्छे जम्मा गर्ने र डाङडुङ गरेर आन्दोलन भड्काउने र दबाउने काम न राजनीतिक दलको हो न त सरकारको नै हो । आन्दोलन सफल पार्ने र दबाउने आधार बल या शक्तिमात्र होइन । सरकारको नेतृत्व गरेको दलले गर्ने काम सबै ठीक ठान्ने र प्रतिपक्ष या सरकारमा सामेल नभएका दलले गर्ने काम, आन्दोलन बेठीक हुने भन्ने विचार पनि सही होइन । सरकारको हातमा शक्ति या बल छ, प्रहरी प्रशासन छ भनेर अभिमान गर्ने, भर्खरको युवा-विद्यार्थी सम्झेर ठाडो ठाडो बोल्ने प्रवृत्ति सरकारको नेतृत्व गर्ने दलका नेता, प्रधानमन्त्री र मन्त्रीहरूलाई पटक्कै सुहाउँदैन । विगतमा शासक दलका नेता, प्रधानमन्त्री र मन्त्रीहरूका अहङ्कार र जनगुनासोलाई टेरपुच्छर नगर्दा, जसको तरबार उसको दरबारजस्ता व्यवहारले ती शासकहरू ढलेका हुन् या नयाँ पुस्ताले पछारेको हो ।

नयाँ सरकारमा सामेल मन्त्री र सांसदहरूमा युवाहरूको प्रतिनिधित्व हुनु अन्यथा होइन । तर, आफूहरू युवा भएर कसैलाई धाक धम्की दिएर तर्साउने होइन; देशको एक जिम्मेवार नागरिक भएर बोल्ने हो; संस्कारभित्र रहेर व्यवहार गर्ने हो; छाडा बोल्ने होइन । पदमा बसेका र नबसेका नागरिकहरूको दृष्टिकोण, विचार, मूल्य र मान्यता एकै किसिमको हुँदैन । सरकारको जिम्मेवार तहमा बसेर पद ओगटेपछि पदअनुसारको कर्तव्य र जिम्मेवारी निर्वाह गर्नुपर्छ । प्रम र मन्त्रीहरूको बोली संस्कारयुक्त हुनुपर्छ, युवा-विद्यार्थी पाराले बोलेर, कसैलाई तर्साएर सरकारको नेतृत्व गर्न सुहाउँदैन । शासक दल र ठुला दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूको यस्तै प्रवृत्तिले देशमा अराजनीतिक या उच्छृङ्खल गतिविधि भई तोडफोड र लुटपाटमा परिणत हुन्छ । यसले आखिरमा देशकै सम्पत्ति नास हुन्छ ।

हरेक युवाहरूमा राजनीतिक संस्कार, सद्भाव, सेवा भाव जरुरी हुन्छ । राजनीतिक विश्लेषकहरूले त निर्वाचित कति सांसदहरूमा भ्रष्टाचार, अनियमितता र आपराधिक गन्ध भएको टिप्पणी गर्न थालेका छन् । मन्त्रीको काम निर्देशन दिनेमात्र होइन; देशको वस्तुस्थिति बुझेर जनताको समस्या समाधान गर्दै अघि बढ्ने हो । सरकारको काम विपक्षलाई पेल्ने, पेलेर दमन गर्ने र टाउकै उठाउन नदिने होइन; दमन गर्नेहरूको पतन निश्चित छ । अस्वस्थ बहस र संवादले समाजमा विभाजन ल्याउँछ, द्वन्द्व बढाउँछ र अविश्वासको खाडल गहिरिँदै जाने छ । सामाजिक सञ्जालमा गरिने कति टिप्पणी भद्दा र अश्लील भएको पाइन्छ । सञ्चारमाध्यमले एआईको नाउँमा भए नभएका घटना र प्रसङ्ग जोडेर बेढङ्ग या नक्कली दृश्य जोडेर भइरहेको कामले समाजमा अन्योल निम्त्याउँछ । आखिरमा यसले समाजलाई विखण्डनतर्फ लाने काम गर्छ । यसबारे राज्य संयन्त्रका जिम्मेवार व्यक्ति र दलका नेता तथा कार्यकर्ताहरू पनि गम्भीर हुनुपर्ने देखिन्छ ।

देशमा सबैको चाहना सुशासन नै हो भने सरकार र ठुला दलका नेता तथा कार्यकर्तामा देशभक्तिको भावना हुनुपर्छ; देशको सम्पदा र सम्पत्तिको माया हुनुपर्छ । सेवक हुनुपर्ने शासकहरू दमनमा लागे यसको परिणाम फलदायी हुनेछैन । विगतका धेरै सरकारले आश्वासनको पोको बाँडे; देशको राज्यस्रोतमा रजाइँ गरे; सत्ता हाँकेर दलगत र व्यक्तिगत स्वार्थ पूरा गरे; देशको सम्पत्तिलाई आफ्नो बपौती ठानेर आफ्नै सम्पत्तिले विकास गरेको दाबी गरे । यस्तो गल्ती या कमजोरी अहिलेको सरकारले देखाउनु हुँदैन । सत्ताप्रेमीहरूको उन्माद र स्वार्थले नै वास्तवमा देशमा अनियमितता र बेथिति बढेको हो । सिद्धान्त र विचार नबोकेका, राजनीतिक संस्कार नभएका युवाहरूको जमातले के देशलाई दिशा निर्देश गर्छ ? देशको विकासलाई उचाइमा पुऱ्याउँछ ?

कुनै काम यथाशक्य चाँडो गर्नु, चाँडो गर्न पहल गर्नु नराम्रो होइन । तर, त्यस्तो कामले श्रमजीवीवर्गको हित हुने होइन; देशको अनुहार बदल्ने होइन । देशमै काम-मामको सुनिश्चित हुनुपर्छ भन्ने जनताको चाहना हो । भ्रष्टाचार अन्त्य हुनुपर्छ; देश ऋणमुक्त हुनुपर्छ, देश आत्मनिर्भर हुनुपर्छ भन्ने जनताको चाहना हो । जनताका यी चाहना सरकारले सम्बोधन गर्छ कि गर्दैन ? चर्चाको विषय बनेको छ । कर्मचारी हेरफेर गर्ने, हटाउने, एसईई परीक्षाको नतिजा एक महिनाभित्र गर्ने सुधारका काम हुन् । यस्तो सुधारात्मक काम गरेर सरकारले गर्व गर्ने होइन । यो मौलिक परिवर्तन होइन । पुँजीवादी व्यवस्थामा हुने विकृति, विसङ्गति, अनियमितता, भ्रष्टाचार, बेथिति आदि अन्त्य गर्नेतर्फ सरकारको अभियान छेड्नुपर्छ । मूल कुरा काम-मामको सुनिश्चित गर्नु हो; भ्रष्टाचार अन्त्य गर्नु हो; देशलाई आत्मनिर्भर बनाउनु हो; देशलाई ऋणमुक्त बनाउनु हो; देश विदेशी शक्ति राष्ट्रहरूबाट मुक्त हुनु हो; नेपाल र नेपालीको निम्ति नेपाली माटो सुहाउँदो, नेपाली जनताकै हितमा, नेपाली जनताकै चाहनाअनुसार सुशासन गर्नु हो ।

# 'इतिहासअघिको इतिहास' पढ्दा

✍ सुरेश

केही वर्षयता देशमा विभिन्न जातिहरूको वंशाणुगत बनोटबारे चर्चा चल्दै छ । यो छलफलका एक सूत्रधार थिए - जर्ज भान ड्रिम । उनी नेदरल्यान्डका भाषा वैज्ञानिक हुन् । पञ्चायतकालमै नेपाल आएर उनले लिम्बु भाषाको व्याकरण लेखेका थिए । उनी नेपाली भाषा फरर बोल्छन् । इन्टरनेटमा उनका धेरै अन्तर्वार्ता हेर्न र सुन्न पाइन्छ । उनको एउटा पुस्तक छ - 'इथ्नोलिङ्गुइस्टिक प्रि-हिस्ट्री' । पुस्तकमा विभिन्न ह्याप्लोग्रुप (वंश बनोट) भएका मानिसहरू कसरी संसारभरि छरिए भन्ने विस्तृत चर्चा छ । पुस्तक विचारोत्तेजक, रोचक र सूचनामूलक छ । तर, लेखकले 'ह्वाइट मेन्स बर्डेन' अथवा उपनिवेशवादी सोचबाट पुस्तकलाई फराक राख्न नसकेको देख्दा दुःख लाग्यो । नेपालीहरूबाटै पछिल्ला जानकारीलाई समेटेर साधारण पाठकलाई प्राक-इतिहास बुझाउने पुस्तक लेखिनुपर्छ भन्ने लाग्यो ।

मानवशास्त्री सुरेश ढकालको पुस्तक 'इतिहासअघिको इतिहास' एक यस्तै प्रयास हो । पुस्तकको उपशीर्षक छ - 'सांस्कृतिक उद्विकासको मानवशास्त्रीय वृत्तान्त' ।

सामान्यतया मानव जातिले लेखनकलाको आविष्कार गरेपछिको अवधिलाई इतिहास सुरू भएको मानिन्छ । त्यसअघिको इतिहासलाई प्राक-इतिहास मान्ने चलन छ । २५ लाख वर्षअघि मानव जातिले अफ्रिकामा ढुङ्गे हतियारको प्रयोग गर्न सुरू गरे । करिब ७० हजार वर्षअघि उनीहरू अफ्रिका महादेशबाट बाहिर निस्कन थाले । १२ हजार वर्षअघि पश्चिम एसियामा खेतीपातीको सुरूआत भयो । झन्डै ५ हजार वर्षअघि मात्र पश्चिम एसियामा लेखनकलाको विकास भयो । ढुङ्गे हतियारको प्रयोगदेखि लेख्य परम्परा सुरू नहुँदासम्मको कालखण्डलाई 'इतिहासअघिको इतिहास' अथवा 'प्राक-इतिहास' भनिएको हो । पुस्तकमा यही विशाल आयतनमा फैलिएको मानव जातिको सांस्कृतिक विकासक्रमको वृत्तान्त हालिएको छ ।

पुस्तक ६ खण्डमा विभक्त छ ।

पुस्तकका सुरूआती अध्यायहरूमा मानवशास्त्रको परिभाषा र महत्त्व, त्यसको वैज्ञानिक अध्ययनका लागि अपनाइने विधि, प्रमाण जुटाउन प्रयोग गरिने मानवशास्त्रीय पुरातत्त्वबारे प्रकाश पारिएको छ ।


मानवशास्त्र मानव जातिको भूत, वर्तमान र भविष्यसँग सम्बन्धित प्रश्नहरूको जवाफ खोज्ने विज्ञान हो । यो एक मानव विज्ञान हो । त्यसैले यसमा अन्तिम सत्य भन्ने केही हुँदैन । बरू कतिपय पुराना तथ्यको निहीतार्थ फेरिँदा स्थापित 'यथार्थ' लाई अझ उन्नत यथार्थले विस्थापित गर्दै लग्छ । ज्ञानको विकासमा यो एक निरन्तर प्रक्रिया हो । यसरी, पुस्तकको सुरूमै वैज्ञानिक मिजास (साइन्टिफिक टेम्पेरामेन्ट) को जानकारी दिइएको छ ।

आज पुराना कुरालाई पछौटे ठान्ने मनोवृत्ति छ । त्यसैले इतिहासअघिको इतिहासमा रूचि कम छ । यसमा उनी खासगरी प्राक-इतिहासबारे विद्यालय शिक्षामा उति जानकारी नराखिनु र नेपाली भाषामा सरल खालका पाठ्यसामग्री नहुनलाई दोषी देख्छन् । विगतको अध्ययन आवश्यक किन छ भन्ने प्रश्नमा उनी लेख्छन्, "भविष्यमा विगतको महत्त्व हुने कारणले नै विगतको पनि भविष्य हुन्छ । विगतको अध्ययनले हामीलाई हाम्रो वर्तमान र भविष्यको बारेमा जान्न र अनुमान लगाउन सहयोग गरिरहेको हुन्छ ।" त्यसैले आजको मानिस सुदूर अतीतबाट उति टाढा नभएको लेखक तर्क गर्छन् ।

विषयको सामान्य पृष्ठभूमि बताइसकेपछि पुस्तकमा प्राक-इतिहास थाहा पाउन मानवशास्त्रीहरूले प्रयोग गर्ने विधि र यसको प्राविधिक पक्षबारे चर्चा गरिएको छ । जस्तो पुरातत्त्वबारे लेखक भन्छन्, "पुरातत्त्व त्यस्तो जादुमयी दर्पण हो, जसमा हामी हाम्रो अन्धकारमय सुदूर विगतका रहस्यहरू देख्न सक्छौं ।" पुरातत्त्व निकै समय, परिश्रम र पैसा लाग्ने काम हो । त्यसैले यसमा गरिब देशले उति खर्च गर्न सक्दैनन् । विदेशीहरूले यी काम गर्दा उपनिवेशवादी सोच राख्ने गरेको सन्दर्भहरू पुस्तकमा उल्लेख छ । पुस्तकमा पुरातात्त्विक उत्खनन र उत्खननमा फेला पर्ने औजार वा शिल्पकृतिको कालक्रम निर्धारण गर्न अपनाइने 'डेटिङ मेथड' बारे चर्चा पनि विस्तृत चर्चा छ । कुनै बेला पुरातात्त्विक सामग्रीको कालक्रम निर्धारण गर्न दशकौं लाग्थ्यो । तर, रेडियो कार्बन डेटिङलगायत विधिको विकासले आजभोलि यो काम निकै सहज भएको छ । आजभोलि भन्ने गरिन्छ, "पुरातात्त्विक प्रमाणहरू मौन रहन्छन् तर झूटो बोल्दैनन् ।"

पुस्तकको उपशीर्षकमा एउटा शब्दावली छ - सांस्कृतिक उद्विकास । यसबारे लेखक लेख्छन्, "संस्कृति सामाजिक हुन्छ । अर्थात्, समूहमा यसको अस्तित्व रहन्छ । एक्लो मान्छेको संस्कृति हुँदैन । संस्कृति द्वन्द्वात्मक र गतिशील हुन्छ । किनकि, यो निरन्तर परिवर्तन भइरहन्छ । संस्कृति निकट प्रकृति र पर्यावरणीय तथा पारिस्थितिक अवस्थासँग जीविकोपार्जन र अनुकूलन गराउने उपाय पनि हो ।" प्राक-इतिहासको सन्दर्भमा संस्कृतिको अध्ययन मूलतः त्यसबेलाको प्रविधिमा आधारित हुन्छ । २५ लाख वर्षअघि मानिसले प्रयोग गरेका ढुङ्गे औजार हुन् वा त्यसपछि प्रयोगमा आएका तामा, काँस र फलामजस्ता धातुका औजार, तिनले प्राक-इतिहासको विशेष कालखण्डलाई जनाउँछन् ।

प्रविधिका आधारमा मानवशास्त्रीहरूले यो कालखण्डलाई तीन भागमा बाँडेका छन् - पूरा-पाषाणकाल, मध्य-पाषाणकाल र नव-पाषाणकाल । यी कालखण्डलाई जनबोलीमा ढुङ्गेयुग भनिन्छ । तर, त्यो युग पनि विभिन्न खुड्किला पार गर्दै अघि बढेको मानवशास्त्रीहरूको ठहर छ । पूरा-पाषाणकालमा मानिसले ढुङ्गाका हतियारमा ठुलो परिष्कार गऱ्यो । त्यसबेला मान्छे घुमन्ते जीवन बिताउँथ्यो । सिकार र खोजीमुलो जीवनका आधार थिए । मध्य-पाषाणकालमा हतियारहरू झन् चोटिला बने, आगोको नियन्त्रित प्रयोग सुरू भयो । यसले गर्दा घुमन्ते जीवन बाँच्दाबाँच्दै पनि मानव झुन्डहरू लामो समयका लागि एकै स्थानमा बस्न सक्ने स्थिति बन्यो । यति बेलासम्म पनि पृथ्वीमा मानव जातिका अनेक प्रजाति थिए । उनीहरूले मृत्युसंस्कार गर्थे, धर्मको सुरूआत भइसकेको थियो । नव-पाषाणकालमा आजका मानिसहरूको सांस्कृतिक जग बस्यो । आजको होमो-सेपियन्स यही अवधिमा विश्वभरि फैलियो । कृषिको आविष्कारले मानिसहरूले स्थायी बसोबास गर्न थाले । प्रविधिको विकास विश्वका सबै ठाउँमा एकैनास हुँदैन । त्यसैले कतै मानिसहरू उन्नत अवस्थामा हुँदा कतै मानिसहरू अझै पूरा-पाषाणकालमा हुन पनि सक्छन् । त्यस्तै, भारतीय उपमहाद्वीपमा मध्य-पाषाणकाल निकै छोटो भएको मानिन्छ । देवीप्रसाद चट्टोपाध्यायले यही 'असमान विकास' का आधारमा भारतको सांस्कृतिक इतिहास केलाएका छन्, आफ्नो बहुचर्चित पुस्तक 'लोकायत' मा ।




प्राक-इतिहासलाई निर्धारण गर्ने महत्त्वपूर्ण आविष्कारहरू थिए - कृषि, आगो, पाङ्ग्रा, धातु विज्ञान र लेखनकला । यसबारे चर्चा गरिएको 'इतिहासअघिको इतिहास' को तेस्रो खण्ड सबैभन्दा रोचक छ ।

कृषि युगबारे लेखक भन्छन्, "कृषिले मान्छेको अर्को मान्छेसँगको सम्बन्ध मात्र होइन, जनावर र वनस्पतिका साथै सिङ्गो पारिस्थितिक अवस्थालाई नै प्रभावित पारेको थियो ।"

सिकार र खोजीमुलो गरी जीवन चलाउने घुमन्ते मानिसलाई खेतीपातीले स्थायी बसोबासमा ल्यायो । यसैलाई मिठो भाषामा युवल नोह हरारीले 'मानिसले गहुँलाई घरपालुवा बनाएको होइन, बरू गहुँले मानिसलाई घरपालुवा बनाएको हो' भनी लेखेका छन् । हुन पनि खेतीपाती गर्नका लागि लामो समय लाग्ने हुनाले कृषिको आविष्कारपछि मानिसहरूले स्थायी बसोबास गर्न थाले । यो नव-पाषाणकालको सबैभन्दा ठुलो क्रान्ति थियो । झन्डै १२ हजार वर्षअघि पश्चिम एसिया (टर्कीदेखि इरानसम्म) मा खेती र पशुपालनको सुरूआत भयो । त्यसैले यो भूखण्डलाई 'सभ्यताको कोख' भन्ने चलन छ । कृषि युग भारतीय उपमहाद्वीपसम्म आइपुग्न झन्डै ४-५ हजार वर्ष लाग्यो । नेपालमा पश्चिम, उत्तर र दक्षिणबाट कृषिकला लिएर मानिसहरू प्रवेश गरेको पाइन्छ । लेखक ढकाल झन्डै ५ हजार वर्षअघि आजको नेपालका केही भागमा खेती र पशुपालन सुरू भएको मान्छन् ।

कृषिभन्दा धेरै पुरानो हो आगो । झन्डै २० लाख वर्षदेखि आगो र मान्छे सँगसँगै छन् । भनिन्छ, आगोले मान्छेका आदिम पुर्खालाई अफ्रिकाबाट बाहिरी संसारमा फैलिन सहयोग गरेको थियो । आगोले मानिसलाई खाना पकाउन मद्दत गऱ्यो । आगोकै कारण मानिसले भाँडा बनाउन, खेतीपाती गर्न र धातुका हतियार बनाउन सहज भएको थियो । त्यसैले कतिपय संस्कृतिमा अझै पनि आगोलाई पवित्र वा देवताको स्थान दिइएको पाइन्छ । नेपालमा दराइ जातिले वैशाख १ गते अगेनामा नयाँ आगो बाल्ने चलन भएको लेखक अनुभव सुनाउँछन् । पाङ्ग्राको आविष्कारलाई लेखकले मान्छेको काल्पनिकीको उपज भन्छन् । कृषि, डुङ्गा, कपडा बुनाइ, माटोका भाँडाको आविष्कारपछि पाङ्ग्राको आविष्कार भएको थियो । यसले मानिसलाई यातायातमा सहयोग गऱ्यो । मानव विकासको गतिलाई तीव्र पार्न यसको अहम् भूमिका रह्यो । साढे ६ हजार वर्षअघि पश्चिम एसियामा पाङ्ग्रालाई कुमालेको चक्रको रूपमा प्रयोग गरिएको थियो ।

धातु विज्ञान प्राक-इतिहासको सबैभन्दा अन्तिम आविष्कार थियो । कृषि युगको आरम्भमा मानिसहरू तामा प्रयोग गर्थे । तामा लुलो धातु थियो । त्यसैले यसलाई सजावटमा मात्र प्रयोग गरिन्थ्यो । पछि तामामा टिन मिसाएर बनाइने काँस बनाइयो । कडा धातु हुनाले यसलाई चाहे अनुसारको आकार दिन गाऱ्हो भयो । त्यसैले पछि यसलाई फलामले विस्थापित गऱ्यो । झन्डै ४ हजार वर्षअघि टर्कीमा पहिलो फलाम प्रयोगको प्रमाण भेटिन्छ । त्यसपछि बिस्तारै यो पूर्वतर्फ सर्दै भारतीय उपमहाद्वीपमा आइपुगेको थियो । कृषि, युद्ध र सजावटमा यसको प्रयोग गरिने हुनाले कुनै बेला शासकहरूले फलामको काम गर्ने शिल्पीहरूलाई निकै ठुलो सम्मान दिने गर्थे । नेपालमा पनि फलाम प्रयोगको पुरानो इतिहास पाइन्छ ।

प्राक-इतिहासका प्रमुख पाँच आविष्कारमध्ये धेरैजसो पश्चिम एसियामै भएका थिए । लेखनकलाको इतिहास पनि त्यही भएको थियो । किलाक्षरी लिपिको प्राचीन अवशेष झन्डै सवा ५ हजार वर्षअघि इराकमा फेला परेको थियो । सुरूआती चित्र लिपीदेखि वर्णमालासम्मको यात्रा लेखकले पुस्तकमा वर्णन गरेका छन् । लेखन कला कुनै दैवी चमत्कार थिएन । यसले मानव ज्ञानको दस्ताबेजीकरणमा ठुलो योगदान गऱ्यो । यो ज्ञानमाथि समाजका टाठाबाठाहरूले वर्चस्व बढाउँदै लगे । लेखनकला पछि समाजमा पारेको प्रभावबारे लेखक लेख्छन्, "लेख्न जान्नेहरू सामन्त, व्यापारी, सम्राटलगायत शक्तिशालीहरूका लागि काम गर्थे । त्यस्तो काम वा सेवाबापत उनीहरू राज्यमा सम्मानित हुन्थे, पुरस्कृत हुन्थे । त्यसैले निरन्तरता निकट विगतसम्म कायम नै थियो । इतिहासका कैयौँ सन्दर्भका साक्षी छन् कि त्यस्तो अधीनस्थ ज्ञानका आधारमा शक्तिशाली शासकहरूले मानव समूहको ठुलो सङ्ख्यालाई शोषण गरिरहेका छन् ।"

पुस्तकका पछिल्ला खण्डहरूमा लेखकले प्राक-इतिहासमा धर्मको उद्भव र महिलाको स्थिति केलाएका छन्; नेपालको प्राक-इतिहास र पुरातत्त्वबारे थाहा पाइएका रोचक जानकारीहरूलाई उनेका छन्; इतिहासको विषयमा हुने राजनीति र यसको भविष्यबारे गम्भीर सवालहरू उठाएका छन् । यसकारण, चिन्तनशील पाठकका लागि पुस्तकको पछिल्लो खण्ड दृष्टिकोण निर्माणमा सहायक सिद्ध हुन सक्छन् ।

पुस्तकको भाषा सरल छ । तर, मुद्राराक्षसमा धेरै समस्या छन् । सुरूका अध्यायहरूमा एउटै कुरा बारम्बार दोहोरिँदा उच्चाट लाग्छ । प्राविधिक चर्चा बढी हुनाले सुरूका अध्याय गाह्रो भएको हुनसक्छ । पुस्तकको बिचका अध्यायहरू सरस छन् भने अन्तिम अध्यायहरू वैचारिक हिसाबले निकै गम्भीर छन् । स्थान अभावले पछिल्ला अध्यायहरूबारे यहाँ चर्चा गरिएन । यी अध्यायमा लेखकले राखेका विचारबारे अलग्गै लेख जरूर लेखिनेछ ।

यो पुस्तकलाई नेपालका सबै शिक्षक-विद्यार्थीले पढून्, मानव उद्भवबारे आफ्ना रूढीवादी धारणा तोडून्, आफ्नो वैज्ञानिक मिजास तिखारून् र एउटा उदात्त समाजको निर्माणमा अघि सरून् । अङ्ग्रेजी भाषामा कलम चलाइरहेका लेखकलाई गुनिलो पुस्तक लेखेकोमा र प्रकाशकलाई पुस्तक छापेकोमा मुरीमुरी धन्यवाद ।

# साङ्घाईका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह

✍ चाङ वैचेन

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौंको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

*(यस लेखमा उत्तरी अभियानको बेलामा भएको साङ्घाईका मजदुरहरूको सशस्त्र विद्रोहलाई बयान गरिएको छ । लेखक चाङ वैचेन चीनको राष्ट्रिय मजदुर महासङ्घका एक सल्लाहकार हुन् । उनी चिनियाँ कम्युनिस्ट पार्टीको हौटोङ जिल्ला समितिका एक सदस्यका साथै साङ्घाईका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोहको बेला हौटोङ मजदुर महासङ्घका अध्यक्ष थिए । सम्पादक)*

१९२१ मा आफ्नो स्थापनापछि चिनियाँ कम्युनिस्ट पार्टीले साम्राज्यवाद र सामन्ती युद्ध सरकारहरूको विरोधमा डा. सन यात-सेनले नेतृत्व गर्नुभएको कोमिनताङसँग मिलेर एक संयुक्त मोर्चा गठन गर्‍यो । च्याङ काइ-सेकद्वारा प्रतिनिधित्व गरिएको दक्षिणपन्थी कोमिनताङले क्रान्तिलाई विश्वासघात गरेको हुनाले १९२६ मा सुरु भएको उत्तरी अभियान असफल भयो । त्यसपछि चिनियाँ क्रान्ति कामरेड माओ त्सेतुङले देखाउनुभएको बाटोमा अगाडि बढ्न थाल्यो । त्यो बाटो हो - गाउँले क्रान्तिकारी आधार इलाकाहरू स्थापना गर्ने, गाउँले इलाकाबाट सहरलाई घेर्ने र अन्तमा सहर कब्जा गर्ने ।

१९२३ को जुलाईमा कम्युनिस्ट पार्टी र कोमिनताङले संयुक्त भएर निर्माण गरेको राष्ट्रिय क्रान्तिकारी सेनाले क्वाङतुङ छोड्यो र साम्राज्यवादी शक्तिहरूबाट समर्थित देशमा शासन जमाइरहेका सामन्ती युद्ध सरकारहरूलाई दण्ड दिने एक सैनिक चढाई (अभियान) उत्तरतिर हिँड्यो । चीनको राष्ट्रिय मजदुर सङ्घले सबै ठाउँमा मजदुर सङ्घहरू र मजदुरहरूसँग उत्तरी चढाईलाई समर्थन गर्न एक वक्तव्य प्रसारित गर्‍यो ।

उत्तरी अभियानको सेना साङ्घाईको नजिक पुग्दा युद्ध सरदारहरूको सशस्त्र शक्तिको बथान भने लडाइँको किल्लालाई फेरि बलियो बनाउन आइपुग्यो । तुलनात्मक रूपले सहरभित्र तिनीहरूको शक्ति निर्बलियो थियो । साङ्घाईका मजदुरहरूले १९२६ अक्टोबरदेखि १९२७ मार्चसम्ममा तीनचोटि सशस्त्र विद्रोहहरू गरेका थिए ।

**कामरेड चाउ एन लाइको नेतृत्वमा**


पहिलो र दोस्रो विद्रोहहरू असफल भएपछि चाउ एन-लाइ र अरु कामरेडहरूको नेतृत्वमा एक तेस्रो विद्रोह सुरु गरियो । यसपटक, मजदुर विद्रोहीहरू साङ्घाई कब्जा गर्न सफल भए र एक नागरिक सरकार स्थापना गरियो । चिनियाँ मजदुर आन्दोलनको इतिहासमा त्यो एक गौरवपूर्ण पाना थियो ।

साङ्घाई मजदुरहरूको महासङ्घले एक ठुलो हड्तालको आह्वान गरेपछि तेस्रो विद्रोह सुरु भएको थियो । २१ मार्च १९२७ को दिन साङ्घाईमा उज्यालो घाम लागेको थियो, दिउँसो कारखाना र रेलका मजदुरहरू, पसलमा बस्ने बनोटाहरू (कर्मचारीहरू-अनु.) हुलाक र सञ्चार (तार-टेलिफोन-अनु.) का मजदुरहरू, जहाजी र भरिया मजदुरहरू अनि जीवनका सबै क्षेत्रका मजदुर र कामदारहरूसँगै सङ्घर्षमा हाम फाले । तुरुन्तै पुगनपुग ८ लाख हडतालीहरूको एक ठुलो शक्तिशाली सेना बनाइयो । कारखानाहरू ङवाङपो नदीमा बिसाएका भापबाट चल्ने जहाजहरूको शङ्ख (सैरेन-अनु) ले ठुलो आवाज दिनासाथै साम्राज्यवादी देशहरूले कब्जा जमाइराखेका सहुलियत प्राप्त क्षेत्रहरूको जीवन मसानजस्तै सुनसान भयो ।

मजदुर र पसलका कामदारहरू सहुलियत प्राप्त क्षेत्रहरूबाट चिनियाँ अधिकार क्षेत्रको सहरभित्र ओइरिन थाले । हडतालीहरूले सडक र चौबाटोमा सभाहरू गरे तथा 'साम्राज्यवादी शक्तिहरू मुर्दावाद र युद्ध सर्दारहरूलाई जरैदेखि उखेल' भन्ने क्रान्तिकारी गीतले वातावरण नै गुन्जायमान भयो । पाखुरामा रातो कपडा बाँधेका मजदुरहरूका स्वयम्सेवकहरू सडकका कुना कुनामा पहरा दिइरहेका थिए । पित्तलको परोपकारको चिह्न (रेडक्रस अनु.) भिरेका लोग्नेमानिस र स्वास्नीमानिसहरूको प्राथमिक उपचार दलहरू तयार भएर बसेका थिए । प्रतिक्रियावादी अधिकारीहरूका धेरैजसो पुलिसहरू घरभित्रै थिए, सिपाहींहरू हस्याङफस्याङ गर्दै आफ्ना केही किल्लाहरू बलियो बनाउने काम गरिरहेका थिए ।

**३० घण्टाको भयङ्कर सङ्घर्ष**

दिउँसो १ बजेको ठुलो हडताल सशस्त्र विद्रोहमा विकास भयो । मजदुरहरूका स्वयम्सेवक दलहरू र मजदुरहरूले शत्रुको विरोधमा एकपछि अर्को सात जिल्लामा चौतर्फी ठुलठुला धावाहरू बोले । हुतोङ जिल्लाका स्वयम्सेवक दलहरू आफ्ना १० वटा राइफल र हाते बमहरूको एक टोकरीको भरमै मट्टीतेलका टीनहरू तोपको आवाज आउने गरी ठटाउँदै पुलिसको मुख्यालयमा हुर्रिए । शत्रु सान्है डराए । मजदुरहरूले कुन हतियार प्रयोग गर्दै थिए भन्ने कुरा तिनीहरूलाई थाहा थिएन । मजदुर




स्वयम्सेवक दलहरूले पहिलेदेखि नै पुलिसको मुख्यालयमा बलजफ्ती घुस्ने र आफू सशस्त्र हुन हतियार कब्जा गर्ने बन्दोबस्त गरेका थिए ।

हुनान जिल्लाको फ्रान्सेली ट्राम कम्पनीबाट १०० जवान स्वयम्सेवकहरूले बाटा-घाटाहरूलाई सबैभन्दा पहिले कब्जा गरे तथा पुलिसको मुख्यालयमा धावा बोल्दै घुसे । तिनीहरूसँग ३ वटा पेस्तोल र स्थानीय दमकलबाट पैंचो ल्याएका ४० वटा बञ्चरो थियो । दलका सबै पुलिसले आत्मसमर्पण गरे तथा मजदुरहरू भने हतियार कब्जा गरेर सशस्त्र भए । स्वयम्सेवक दलको सङ्ख्या तुरुन्तै एक हजार जवान पुग्यो ।

विभिन्न जिल्लाका मजदुर स्वयम्सेवकहरू बहादुरीपूर्वक लडे । तिनीहरूले पुलिस चौकीहरू र नगर सैनिक छाउनीहरू कब्जा गरे । स्थानीय निवासीहरूले पनि त्यसमा भाग लिए र छेउछाउका पुलिस चौकीहरू खाली हातले नै कब्जामा लिए । बाटाघाटामा जहाँतहीँ लडाइँ भइरहेको थियो । केही सिपाहीँहरू त भाग्नलाई आफ्नो पोशाक लुकाउँदै थिए । छाउनी र चौबाटोका चौकीहरूमा हतरपतर आत्मसमर्पणका सेता झण्डाहरू फहरिन थाले ।

मजदुरहरूको स्वयम्सेवक दलहरूको बहादुरीले जनतामा प्रभाव पर्‍यो । आईमाई, बुढाबुढी र केटाकेटीसहित स्थानीय निवासीहरू बोक्ने-ओसार्ने र प्राथमिक उपचार दलहरूको रूपमा सङ्गठित भए । कसैले बाटो देखाउने, बारहरू लगाउने र घाइतेहरूलाई पहरा दिनेजस्ता कार्यहरू गर्न थाले । जनताको स्वेच्छाले पाएको समर्थनले विद्रोहमा बल थपियो ।

दिउँसो २ बजेदेखि ४ बजेभित्र विद्रोही मजदुरहरूले ७ मध्ये ६ वटा नगर जिल्ला कब्जा गरिसकेका थिए । खालि च्यापै जिल्लामा चर्को लडाइँ भइरहेको थियो । शत्रुले आफ्नो शक्तिलाई त्यहीं केन्द्रित गरेको थियो र खाडल खनेर बसेको थियो । प्रतिक्रियावादी सेना र पुलिसले २० भन्दा बढी ठाउँमा किल्ला जमाइसकेको थियो । तिनीहरूसँग मेसिनगन, तोप र सैनिक गाडीहरू थियो ।

साँझसम्म पनि शत्रु तीनवटा किल्लामा अड्डा जमाइरहेकै थियो । तीनवटामध्ये एउटा भने अग्लो तोहफाङ नामको पुस्तकालय थियो जहाँ प्रतिक्रियावादी सेनाहरूले कडा रक्षा गरेका थिए । विद्रोही मजदुरहरूले त्यस ठाउँलाई चारैतिरबाट घेरेका थिए तरभित्र धावा बोल्न सकेका थिएनन् । त्यहाँ आगो लगाउने प्रस्ताव आउँदा किताबहरू ध्वस्त हुने कुरा कामरेड चाउ एन-लाइले मन पराउनुभएन र त्यो प्रस्ताव रोकियो । त्यसको बदला एक राजनैतिक हमला सुरु गरियो । मजदुरहरू बाहिरबाट कराए 'आफ्ना हातहतियारहरू फाल्यौ भने तिमीहरूलाई माफ दिइनेछ । घर जान चाहनेहरूलाई बाटो खर्च दिइनेछ ।' एकैछिनपछि दोस्रो तलाको झ्यालबाट एउटा सेतो झण्डा देखियो । भवनभित्रका बन्दुकहरू पड्किन छोड्यो ।

२२ मार्चको बिहान सबेरै शत्रुले च्यापैमा रेलबाट फेरि सेना केन्द्रित गर्ने कोसिस गर्‍यो । त्यो कुरा सुन्नासाथै रेलका मजदुरहरू र क्रान्तिकारी विद्यार्थीहरूले पहिले नै रेलको बाटोको केही भागलाई उखेली दिए र अचानक धावा बोल्न एक दल लुकेर बसे । रेल बाटोबाट खस्नासाथै मजदुरहरूले धावा बोले । १५ मिनेटभित्र आच्छुआच्छु परेका १०० जवान सिपाहीँहरूलाई हतियारसहित पक्रे । साँझ साङ्घाई मजदुरहरूको तेस्रो सशस्त्र विद्रोहका क्षेत्रीय कमान्डले अरु जिल्लाका मजदुर स्वयम्सेवक दलहरूलाई जम्मा पारे र च्यापैका मजदुर स्वयम्सेवक दलहरू सँगसँगै शत्रुको अन्तिम मुख्य किल्ला उत्तरी रेलवे स्टेशनमा चारैतिरबाट धावा बोल्ने कार्य सुरु गर्‍यो । अँध्यारो नहुँदै त्यसको पतन भयो । २ हजारभन्दा बढी अफिसर र मानिसहरूले आत्मसमर्पण गरे ।

**मजदुरहरूको जीत**

विद्रोह विजयमा टुङ्ग्यो । ३० घण्टाको चर्को भिडन्तमा विद्रोहीहरूले झण्डै ४ हजार राइफल र पिस्तोलहरू एवम् १०० वटा मेसिनगनहरू कब्जा गरे । त्यसले पुगनपुग ४ हजार मजदुर स्वयम्सेवकहरू पूर्ण रूपले सशस्त्र भए । गाढा नीलो पोशाक र आठकुने तारा भएका टोपीहरू र घाँटीमा रातो रुमाल बाँधेका स्वयम्सेवकहरू सान्है लडाकू देखिन्थे ।

विद्रोहको विजयपछि साङ्घाईका नागरिक प्रतिनिधिहरूको एक महासभा बोलाइयो र एक नागरिक सरकारको स्थापना गरियो । मजदुरहरूको राजनैतिक स्तर तुरुन्तै माथि उठ्यो र तिनीहरूको काम गर्ने र बस्ने अवस्थामा सुधार भयो । कहिले पेटभरि खान र जीउभरि लाउन नपाएका पुरानो समाजका दासहरूले पहिलोचोटि एक मानिसजस्तै इज्जतपूर्वक श्वास फेर्न सुरु गरे ।

विद्रोहलाई दबाउन साङ्घाईतिर हुर्रिएका प्रतिक्रियावादी सेनाहरूसँग मजदुर स्वयम्सेवकहरू चर्को सङ्घर्षमा फसिरहँदा पनि कोमिनताङभित्र दक्षिणपन्थीहरूको प्रतिनिधित्व गर्ने च्याङ काइ-सेक केही नगरी चुपचाप अल्छी भएर बसेको थियो । दुवै विरोधीहरू आपसमा थाकिसकेपछि लडाइँबाट प्राप्त फललाई खोस्न ऊ पर्खेर बसेको थियो । छिट्टै च्याङले कोमिनताङ र चिनियाँ कम्युनिस्ट पार्टीको बिचको संयुक्त मोर्चालाई विश्वासघात गर्‍यो र १२ अप्रिलको दिन व्यापक जनतालाई थुनछेक र पक्राउ गर्ने तथा कम्युनिस्टहरूलाई निर्दयतापूर्वक हत्या गर्दै एक क्रान्तिविरोधी विद्रोह गर्‍यो । सारा देश श्वेत (प्रतिक्रियावादी अनु) आतङ्कको शासनमा डुब्यो ।

त्यसबेला प्रतिक्रियावादी शासन भने शक्तिको हिसाबले बलियो थियो । यसकारण, विद्रोहको फल पनि गुम्यो । धेरै विद्रोहीहरूले वीरतापूर्वक आफ्नो जीवनलाई होमिदिए । तर, विद्रोहले चिनियाँ मजदुरवर्ग र त्यसको अग्रदूत कम्युनिस्ट पार्टीको लडाकु भावना र शक्तिलाई देखाइदियो । देशका सारा जनताको निम्ति यो सबभन्दा प्रेरणादायक कुरा थियो र त्यसले पुँजीवादी देशको तत्कालीन मजदुर आन्दोलनहरूलाई पनि प्रेरित गर्दथ्यो ।

***पेचिङ रिभ्यू***
***८ जुन १९७९, नं. २३***

# आम निर्वाचन सङ्क्षिप्त समीक्षा

✍ अटल शर्मा, सुर्खेत

निर्वाचनको पर्यायवाची शब्द चुनाव हो । यसलाई घोषणापत्रको सैद्धान्तिक प्रतिस्पर्धा ठानिन्छ । नागरिक मताधिकार प्रयोग गर्ने प्रजातान्त्रिक पद्धति निर्वाच नै हो । यो मतदाताको वैचारिक धरातल, व्यावहारिक प्रवृत्ति एवं चेतनास्तरमा भर पर्छ । मतदाताहरूको राजनैतिक ज्ञान, बुद्धि, विवेक र दलीय एवं स्वतन्त्र उम्मेदवार छान्ने क्षमता, निर्णायक शक्ति एवं मूल्याङ्कन गर्न सक्ने हैसियत जाँच्ने, नाप्ने आधार पनि यही हो । यसलाई जनताको राजनीतिक सिद्धान्त, औकात, ठीक बेठीक छुट्याउन सक्ने मापदण्ड मान्न सकिन्छ । पार्टीगत सङ्गठन, समिति निर्माण, साङ्गठनिक क्रियाकलाप, चुनावी घोषणापत्र लगायत पार्टी प्रकाशन, प्रचारप्रसार पर्चा सामग्री अध्ययन, तिनको व्याख्या विश्लेषण अन्तर्क्रिया, छलफल, सामूहिक विचार विमर्श, कार्यकर्ता परिचालन, द्रव्य प्रयोग एवं स्रोत साधन उपयोगजस्ता पक्षहरू निर्वाचनलाई प्रभाव पार्दछन् । नाता सम्बन्ध, साथीत्व, व्यक्तिगत हेलमेल, आर्थिक पदीय लोभलालच, डर, धाक धम्की, दुर्बल मानसिकताजस्ता तत्त्वहरू पनि यसमा नकारात्मक भूमिका खेल्न सक्छन् । अरुको लहलहै, करकाप, निहित स्वार्थ सिद्धिका लागि कहिलेकाहीँ सामयिक परिवेशअनुसार मतदाताहरू विचलित हुने गरेको पाइन्छ । गाउँबस्ती तथा नगर टोलको पारिवारिक स्थिति, सामुदायिक जनजागृति, विद्यालयदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रम व्यवस्था, पठनपाठन, राजनैतिक चासो, संस्कार, परम्परा आदि कुराहरूका आधारमा निर्वाचन सहभागिताको परिणतिबारे पूर्वानुमान गर्न सकिन्छ ।

चुनावमा भाग नलिई बहिष्कारका पक्षमा उभिदा मताधिकारको सदुपयोग हुन सक्दैन । यसबाट प्रतिक्रियावादी शक्तिलाई फाइदा पुग्न जान्छ । क्रान्तिकारी राजनैतिक दलले पुँजीवादी एवं प्रतिक्रियावादी सङ्घसंस्थामा पसेर पनि जनताको सेवा गर्ने प्रयोजनार्थ चुनावमा सहभागिता जनाउनु आवश्यक हुन्छ । उसो त चुनावबाट समाजवाद आउन सक्दैन । समाजवादी बन्दोबस्तका निम्ति त जनतालाई वर्गीय रूपमा राजनीतिक शिक्षा दिई सचेत र सङ्गठित पार्दै अन्ततोगत्वा सशस्त्र सङ्घर्ष नै गर्नुपर्छ । व्यापक जनमानसको क्रियाशीलतालाई सबल नेतृत्वले मार्ग निर्देशन तथा दिशाबोध गर्न सक्यो भने आन्दोलनले प्रभावकारी गति लिन्छ र सफलता पनि प्राप्त गर्छ ।

हाम्रो देश नेपालमा बङ्गलादेशी घटनाक्रमको असर परी विद्यार्थी जगत्मार्फत राजनीतिक गतिविधि विस्तार भई २०३६ को जनमत सङ्ग्रह घोषणापश्चात् २०३७ वैशाख २० गते सम्पन्न जनमत सङ्ग्रहको निर्वाचनमा निलो चिन्हअङ्कित बहुदलका पक्षमा जनलहर उर्ले पनि पहेलो रङ्का मतपत्रले बहुमत ल्याए पाएको र निरङ्कुश पञ्चायती शासन प्रणाली झण्डै १ दशक थप टिक्न पुगेको उदाहरण छँदैछ । निर्वाचन स्वच्छ, पारदर्शी र धाँधलीरहित भएमा परिणाम जनमत अनुकूल हुन्छ भने सो हुन नसके प्रतिकूल नतिजा आउन बेर लाग्दैन । तत्कालीन जनमत सङ्ग्रहमा पञ्चायत भितर पक्षले इतर पक्षकाविरुद्ध षडयन्त्र रचेकाले उपलब्धि गुमाइयो, प्राप्ति हात लाग्न सकेन । सुनियोजित तवरले राज्यस्तरबाट निर्वाचन गराउने प्रपञ्चकारी जाल थापिएमा मतदाताको तथ्याङ्कीय हिसाब किताब मिलाउने, अधिक मतपत्र छाप्ने, नक्कली मतपत्र हाली बाकस साट्नेजस्ता अवाञ्छित क्रियाकलाप हुने सम्भावना रहन्छ । २०४६ चैतमा पुनर्स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका संवैधानिक राजतन्त्र र लोकतन्त्र भनिने पुँजीवादी गणतन्त्रअन्तर्गत २०६४ मा भएको संविधानसभा निर्वाचनले तत्कालीन नेकपा माओवादीलाई बहुमतको माला पहिराए पनि सो जनादेशबमोजिम चल्न नसकेको र पुन: सोही विषयार्थ पछि चुनाव गराउनु परेको इतिहास ताजै छ । यसबाट चुनाव जित्दैमा सबैथोक हुँदैन बरु सैद्धान्तिक अडानमा इमानदारीपूर्वक व्यावहारिक कार्यपद्धति देखाउन सके योजना कार्यान्वयन हुन सक्ने आशा बाँच्छ र पलाउँछ भन्ने बोध हुन्छ ।

सत्ता र प्रतिपक्ष नछुट्याई चलाइएको नेकपा एमाले तथा नेपाली काङ्ग्रेस गठबन्धन सरकारभित्रको असन्तुष्टि, नेपाली कम्युनिस्ट पार्टीको गठन, विद्रोह तथा रास्वपाको आक्रोश प्रकट राजनीतिक परिवेशमा जेनजी आन्दोलनका नाउँमा २०८२ भदौ २३ र २४ गते बाल युवा हत्या, सिंहदरबारसहित सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतमा गरिएको आगजनी, नियन्त्रणविनाको विध्वंशका फलस्वरूप गठित कामचलाउ सुशीला कार्की नेतृत्वका सरकारले दोषीलाई कारवाही गर्न सकेन, २०८२ फागुन २१ लाई निर्वाचन मिति तोकी काम तामेल भने गर्‍यो । पश्चिमी हावाले अँध्यारोमा ढुङ्गा हानेझैँ देशभक्त र विदेशभक्तहरूलाई एउटै घानमा हाली घोषणापत्रहरूको मर्म र भावनासम्बन्धी समीक्षा नगरी नगराई साम्राज्यवादविरोधी वैचारिक खेमालाई निर्वाचनमा बढाऱ्यो । बिहान साँझ पूजाआजामा बज्ने घण्टी मतपत्रमा बजेको छ । यसले आफ्नै कान, मन, वचन र कर्म पवित्र राख्ने दिशामा सशक्त स्वर घन्काउन सक्छ सक्दैन भन्ने आशङ्का विद्यमान छ ।


देशभक्तिपूर्ण सन्देश नबोकी वैदेशिक हस्तक्षेपको घण्टी बज्यो भने जति जोगी आए पनि कानै चिरेका भन्ने उखान चरितार्थ हुनेछ । पद, मेचासन ग्रहणसँगै असंलग्न परराष्ट्र नीति अवलम्वनको खाँचो खटकिएको छ । यसतर्फ स्वाभिमानी नेपाली जनताले गम्भीर ध्यान पुऱ्याई चनाखो रहनुपर्ने देखिन्छ । निष्ठा नैतिकतामा आधारित समाजसेवी दलका नेता, कार्यकर्ता र शुभेच्छुकहरूले कत्ति नआत्तिई आ-आफ्नै स्थानमा अडिनु बुद्धिमानी तथा दूरदृष्टि ठहर्ने छ । जिम्मेवार नागरिक समाज यथार्थ जानकारी लिई चौतर्फी चिन्तन, मनन गरोस् ।




दक्षिण अमेरिकी देश अर्जेन्टिनाको राजधानी ब्युनसआयर्समा राष्ट्रपति ह्याभियर मिलेइ सरकारको अनुदारवादी श्रम र शिक्षा नीतिविरुद्ध देशव्यापी आमहडतालको क्रममा विरोध प्रदर्शन गर्दै अर्जेन्टिनी शिक्षकहरू अप्रिल २, २०२६ का दिन ।

*तस्बिर : टेलिसुर*

# इरानी सर्वोच्च नेता मोज्ताबा खामेनीद्वारा पूर्वाधार पुन:स्थापनाका लागि राष्ट्रिय अभियानको आह्वान



तेहरान, २ अप्रिल (एएनआई) । इरानका सर्वोच्च नेता मोज्ताबा खामेनीले अमेरिकी आक्रमणका कारण भएको विनाशलाई सम्बोधन गर्न प्ररित गर्दै मुलुकको पूर्वाधार पुन:स्थापना गर्न राष्ट्रव्यापी अभियानको आह्वान गर्नुभएको छ ।

इस्लामिक गणतन्त्र दिवस र राष्ट्रिय प्रकृति दिवस मनाउन बुधबार आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो आह्वान गर्नुभएको हो । देशमा द्वन्द्व पछि निरन्तर समृद्धि सुनिश्चित गर्न सयुक्त प्रयासमा केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

मिडियाका अनुसार स्वर्गीय अयातुल्ला अली खामेनीका सुपुत्र सर्वोच्च मोजताबा खामेनीले युद्धले यहाँका मानिसहरूमा मात्र प्रभाव नगरी धेरै क्षेत्रलाई लक्षित गरेको उल्लेख गर्नुभएको छ । उहाँले अमेरिकी आक्रमणको निन्दा गर्दै यस्तो समयमा राष्ट्र आन्तरिक विकासमा केन्द्रित रहनुपर्ने बताउनुभएको छ ।

जनताको समर्थनलाई आत्मसाथ गर्दै उहाँले पछिल्लो समयमा राष्ट्रले स्थिरता र गरिमाको भावना कायम राखेको बताएको मिडियाले जनाएको छ ।

सम्बोधन फेब्रुअरी- २८ मा भएको अमेरिकी आक्रमणका क्रममा ज्यान गुमाउनेहरूप्रति समर्पित गरिएको मिडियाले रिपोर्ट गरेका छन् । यसैबिच उहाँले मिनाबको विद्यालयमा भएको आक्रमणलाई बिर्सिन नसकेको बताउनुभएको छ । जसको परिणामस्वरूप १८६ जना विद्यार्थीको मृत्यु भएको थियो ।

# मध्यपूर्व युद्ध थप चर्किंदै, विश्व चिन्तित

वासिङ्टन, २ अप्रिल (एएफपी) । मध्यपूर्वमा जारी युद्ध थप चर्किंदै जाँदा सैन्य आक्रमण, प्रतिआक्रमण र आर्थिक असर एकैसाथ तीव्र बनेका छन् । इजरायल, इरान, लेबनान र खाडी क्षेत्रसम्म फैलिएको द्वन्द्वले क्षेत्रीय सुरक्षामात्र नभइ, विश्व अर्थतन्त्रमा समेत गम्भीर दबाब सिर्जना गरेको छ ।

बिहीबार बिहान इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेपछि इजरायली हवाई सुरक्षाले त्यसलाई रोक्ने प्रयास गरेको जनाइएको छ । केही प्रहारहरू मध्य इजरायलका क्षेत्रमा खसेका बताइएका छन् । यसअघि पनि तेलअभिव नजिकै भएको आक्रमणमा ११ वर्षीया बालिकासहित १४ जना घाइते भएको इजरायली आपत्कालीन सेवाले जनाएको थियो ।

उत्तरतर्फ, लेबनानस्थित हिजबुल्लाह समूहले उत्तरी इजरायलमा ड्रोन र रकेट आक्रमण गरेको दाबी गरेको छ । इजरायली सेनाले सीमावर्ती क्षेत्रमा साइरन बजाइएको पुष्टि गरेको छ, यद्यपि तत्काल ठुलो क्षति वा मानवीय हताहतको विवरण सार्वजनिक भएको छैन । लेबनान सीमामा तनाव बढ्दै जाँदा त्यहाँ छुट्टै मोर्चा सक्रिय बनेको सङ्केत देखिएको छ ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको सैन्य कारबाही अझ कडा बनाउने घोषणा गरेका छन् । उनले थप दुईदेखि तीन हप्तासम्म ‘अत्यन्त कडा’ आक्रमण जारी रहने बताउँदै इरानले सम्झौता नगरे ऊर्जा पूर्वाधारसमेत निशाना बनाउन सकिने चेतावनी दिनुभएको छ । यस्तो आक्रमण अन्तर्राष्ट्रिय कानुनविपरीत हुन सक्ने भन्दै आलोचना भइरहेको छ ।

युद्धको प्रभाव ऊर्जा बजारमा प्रत्यक्ष देखिएको छ । ब्रेन्ट कच्चा तेलको मूल्य झन्डै सात प्रतिशतले बढेर प्रतिब्यारेल १०८.१५ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट पनि पाँच प्रतिशतभन्दा बढी वृद्धि भई १०५.६५ डलरमा पुगेको छ । होर्मुज जलडमरूमध्यको अनिश्चितताले विश्व बजारमा थप अस्थिरता निम्त्याएको विश्लेषण गरिएको छ ।

इरानले अमेरिकी मागहरूलाई ‘अधिकतम र तर्कहीन’ भन्दै अस्वीकार गरेको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताका अनुसार विभिन्न मध्यस्थकर्तामार्फत सन्देश आदानप्रदान भए पनि अमेरिकासँग प्रत्यक्ष वार्ता नभएको स्पष्ट पारिएको छ । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले युद्धले ‘अमेरिका फर्स्ट’ नीति वास्तवमै कसको हितमा रहेको हो भन्ने प्रश्न उठाउँदै अमेरिका र इजरायलमाथि युद्ध अपराधको आरोप लगाउनुभएको छ ।

खाडी क्षेत्र पनि द्वन्द्वको चपेटामा परेको छ । संयुक्त अरब इमिरेट्सले आफ्नो हवाई सुरक्षाले मिसाइल र ड्रोनका धम्कीहरूलाई जवाफ दिइरहेको जनाएको छ । युद्ध सुरु भएदेखि नै खाडी देशहरू इरानी प्रतिआक्रमणको जोखिममा रहेका छन्, जसले क्षेत्रीय स्थायित्वमा थप चुनौती थपेको छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले युद्धको स्पष्ट ‘अन्तिम बिन्दु’ नदेखिएको टिप्पणी गर्नुभएको छ । उहाँका अनुसार प्रारम्भिक उद्देश्यहरू पूरा भएको दाबी गरिए पनि अब के हासिल गर्न खोजिएको हो भन्ने अस्पष्ट छ । युद्ध लम्बिँदै जाँदा यसको असर विश्वव्यापी अर्थतन्त्रमा झन् गहिरिँदै जाने उहाँले चेतावनी दिनुभएको छ ।

यसै सन्दर्भमा विश्व बैङ्कले मुद्रास्फीति, रोजगारी र खाद्य सुरक्षामा पर्ने प्रभावप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीबिच सहकार्य बढाएर सङ्कट व्यवस्थापनका उपाय खोज्ने प्रयास भइरहेको जनाइएको छ ।

इरानको रिभोलुसनरी गार्ड्सले रणनीतिक होर्मुज जलडमरूमध्य ‘शत्रुहरूका लागि बन्द’ रहने अडान दोहोऱ्याएको छ । यही मार्ग पुन: सञ्चालन हुनु युद्धविरामका लागि अमेरिकी सर्तमध्ये एक भएको बताइएको छ ।

# भारतको रक्षा निर्यात चार अर्ब डलरको नयाँ उचाइमा

नयाँदिल्ली, २ अप्रिल (एएफपी) । भारतको रक्षा निर्यात गत आर्थिक वर्षमा चार अर्ब डलरभन्दा बढी पुगेको छ । यो देशको स्वदेशी हतियार उत्पादन र निर्यातमा एक नयाँ माइलस्टोनको सङ्केत हो । रक्षा मन्त्रालयले बिहीबार जारी गरेको तथ्याङ्कअनुसार सन् २०२४ देखि निर्यातमा ६० प्रतिशतभन्दा बढी वृद्धि भएको छ । यसले भारतलाई दक्षिण एसियामा प्रमुख हतियार उत्पादक र निर्यातकका रूपमा स्थापित गर्ने दिशामा अघि बढाएको देखाउँछ ।

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभयो, “भारत विश्वव्यापी रक्षा उत्पादन केन्द्र बन्ने दिशामा अघि बढिरहेको छ । यो निर्यातको ठुलो उछाल हाम्रो स्वदेशी क्षमता र उन्नत उत्पादन शक्तिप्रति अन्तर्राष्ट्रिय विश्वासको प्रतिबिम्ब हो ।” आर्थिक वर्ष २०२५-२६ मा निर्यात तीन खर्ब ८४ अर्ब २४ करोड भारतीय रूपैयाँ (चार अर्ब १५ करोड डलर) मा पुगेको मन्त्रालयले जनाएको छ ।

सरकारी कम्पनीहरूले निर्यातको करिब ५५ प्रतिशत उत्पादन गरेका थिए भने बाँकी निजी कम्पनीहरूले योगदान पुऱ्याएका थिए । भारतले १०० भन्दा बढी देशमा रक्षा उपकरण निर्यात गर्दै आएको छ, संयुक्त राज्य अमेरिका, फ्रान्स र आर्मेनिया शीर्ष ग्राहकहरू हुन् । निर्यातमा ढुवानी मिसाइल, डुङ्गा, तोपखाना, राडार प्रणाली, रकेट लन्चर र इलेक्ट्रोनिक कम्पोनेन्टहरू समावेश छन् ।

यद्यपि, भारत अझै मुख्य रूपमा हतियारको ठुलो उपभोक्ता हो र विश्वव्यापी रूपमा निर्यातमा सानो खेलाडी बनेको छ । यस वर्षको सुरुमा नयाँदिल्लीले आफ्नो रक्षा क्षेत्रमा ८५ अर्ब डलरको वृद्धिको योजना घोषणा गरेको थियो । पछिल्लो समय पाकिस्तानसँग चारदिने द्वन्द्वपछि रक्षा खर्चमा वृद्धि भएको थियो । उक्त द्वन्द्वमा कम्तीमा ७० जनाको मृत्यु र दुवै पक्षले ड्रोन तथा तीव्र मिसाइल प्रयोग गरेको देखिएको थियो ।

स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युटका अनुसार, भारतको हतियार खरिद विश्वव्यापी आयातको करिब आठ प्रतिशतमा सीमित छ, तर निर्यातको बढ्दो प्रवृत्तिले देशको आत्मनिर्भर रक्षा इकोसिस्टम र विश्वव्यापी विश्वास दुवैलाई मजबुत बनाएको देखाउँछ ।

# इन्डोनेसियामा ७.४ म्याग्निच्युडको भूकम्प, जनधनमा क्षति

मनाडो (इन्डोनेसिया), २ अप्रिल (एएफपी) । पूर्वी इन्डोनेसियाको मोलुक्का सागर क्षेत्रमा बिहीबार बिहान शक्तिशाली ७.४ म्याग्निच्युडको भूकम्प जाँदा कम्तीमा एक जनाको ज्यान गएको छ भने भवनहरूमा क्षति पुग्नुका साथै सर्वसाधारण त्रसित बनेर सडकमा निस्किएका छन् । प्रारम्भिक रूपमा सुनामीको चेतावनी जारी गरिए पनि केही समयपछि खतरा टरेको घोषणा गरिएको छ ।

सुलावेसी र मालुकु टापुबिच केन्द्रबिन्दु रहेको भूकम्पका कारण समुद्रमा करिब ७५ सेन्टिमिटरसम्म अग्ला छालहरू उत्पन्न भएका थिए । हवाईस्थित प्यासिफिक सुनामी वार्निङ सेन्टरले इन्डोनेसिया, फिलिपिन्स र मलेसियासहित आसपासका क्षेत्रमा खतरनाक सुनामी आउन सक्ने चेतावनी दिएको थियो, तर भूकम्पको करिब दुई घण्टापछि उक्त चेतावनी फिर्ता लिइएको थियो ।

उत्तरी सुलावेसीको मनाडो सहरमा एक भवन भत्किँदा एक जनाको ज्यान गएको र अर्का एक घाइते भएको खोज तथा उद्धार टोलीले जनाएको छ । उद्धार अधिकारी जर्ज लियो मर्सी रान्डाङका अनुसार मृतक भग्नावशेषमुनि पुरिएका थिए र अन्य सम्भावित घाइतेबारे पनि विवरण सङ्कलन भइरहेको छ ।

भूकम्पको गहिराइ करिब ३५ किलोमिटर रहेको अमेरिकाको भूगर्भ सर्वेक्षण संस्था (युएसजीएस) ले जनाएको छ । कम्पनपछि त्यस क्षेत्रमा दर्जनौँ परकम्प (आफ्टरसक्स) समेत महसुस गरिएको छ, जसमा ५.९ म्याग्निच्युडसम्मका झट्का समावेश छन् ।

स्थानीय बासिन्दाहरूका अनुसार भूकम्प निकै लामो समयसम्म महसुस भएको थियो । मनाडोमा सडक खाद्य विक्रेता सिती रोहायतीले भूकम्प आएको क्षण सम्झिँदै आफ्नो परिवारलाई बचाउन आफूले तुरुन्त बाहिर निकाल्ने प्रयास गरेको बताउनुभयो । उहाँका अनुसार सबैभन्दा ठुलो चिन्ता आफ्ना बालबालिकालाई सुरक्षित राख्नु थियो ।

त्यस्तै, उत्तरी मालुकुको टेर्नेटका एक स्थानीय बासिन्दाले भूकम्प अत्यन्तै शक्तिशाली र एक मिनेटभन्दा बढी समयसम्म चलेको अनुभव सुनाउनुभयो । घरभित्र रहेका मानिसहरू हतारहतार बाहिर निस्किएका थिए भने कतिपयले दैनिक कामकाज बिचमै छोडेर ज्यान जोगाउन दौडिएका थिए ।

इन्डोनेसियाको भूगर्भीय निकायका अनुसार उत्तरी मालुकु, उत्तरी सुलावेसी र गोरोन्टालोका विभिन्न नौ स्थानमा समुद्री छालको प्रभाव देखिएको थियो, जसमा सबैभन्दा उच्च छाल उत्तरी मिनाहासामा ७५ सेन्टिमिटरसम्म पुगेको थियो ।

जापान, ताइवान, गुआम र पलाउसहित अन्य प्रशान्त क्षेत्रहरूमा साना छालहरूको सम्भावना औंल्याइए पनि ठुलो जोखिम देखिएको थिएन । जापान मौसम विज्ञान एजेन्सीले समुद्री सतहमा सामान्य परिवर्तन मात्र हुन सक्ने जनाएको थियो ।

इन्डोनेसिया ‘रिङ अफ फायर’ नामक भूकम्पीय रूपमा सक्रिय क्षेत्रमा पर्ने भएकाले यहाँ यस्ता शक्तिशाली भूकम्प बारम्बार आउने गर्छन् । सन् २००४ मा आचे क्षेत्रमा आएको ९.१ म्याग्निच्युडको भूकम्प र त्यसपछि आएको सुनामीले एक लाख ७० हजारभन्दा बढी मानिसको ज्यान लिएको थियो ।

# इन्धन सङ्कटले भुटानमा जनजीवन कष्टकर

थिम्पू, २ अप्रिल (एएफपी) । मध्यपूर्वमा जारी युद्धको प्रत्यक्ष असर हिमालय राष्ट्र भुटानसम्म पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य तीव्र रूपमा बढेपछि भुटान सरकारले पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ, जसले सर्वसाधारणको दैनिक जीवनमा थप दबाब सिर्जना गरेको छ ।

सरकारले बुधबार राति इन्धनको नयाँ मूल्य सार्वजनिक गर्दै पछिल्ला हप्ताहरूमा विश्व बजारमा आएको मूल्यवृद्धि आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणले भएको स्पष्ट पारेको छ । ऊर्जा बचतका लागि विभिन्न उपायहरू पनि एकैसाथ लागू गरिएको जनाइएको छ ।

करिब आठ लाख जनसङ्ख्या रहेको भूपरिवेष्टित भुटानले आफ्नो सम्पूर्ण इन्धन भारतमार्फत आयात गर्छ । आपूर्ति अवरोध र मूल्यवृद्धिको प्रभाव राजधानी थिम्पूमा स्पष्ट देखिएको छ, जहाँ पेट्रोल पम्पहरूमा लामो लाइन लागेको दृश्य देखिएको छ ।

स्थानीय बासिन्दाहरूले परिस्थितिप्रति आफूहरू केही गर्न नसक्ने अवस्थामा रहेको बताएका छन् । थिम्पूका ४० वर्षीय कर्मा काल्डेनका अनुसार सरकारको प्रत्यक्ष दोष नभए पनि अन्तर्राष्ट्रिय युद्ध र भारतमा भएको मूल्यवृद्धिको असरबाट आफूहरू जोगिन नसकेको बताउनुभयो । उहाँले अहिलेको अवस्थाले आफूलाई केही गर्न नसक्ने अवस्थामा पुऱ्याएको बताउनुभयो ।

कार्बन-नेगेटिभ देशका रूपमा चिनिने भुटानले जलविद्युत् उत्पादनमा ठुलो लगानी गर्दै आएको छ र छिमेकी भारतलाई विद्युत् निर्यात गरेर आम्दानी गर्ने गरेको छ । तर, इन्धनको सन्दर्भमा पूर्ण रूपमा आयातमा निर्भर रहनुपरेकाले यस्तो सङ्कटको प्रभाव प्रत्यक्ष रूपमा भोग्नुपरेको हो ।

## सन्दर्भः राष्ट्रिय सहकारी दिवस-२०८२

# आर्थिक विकासमा टेवा पुऱ्याउने काम सहकारीको पनि हो

- कृष्णगोविन्द लाखाजु

२०८२ सालले बिदा लिँदै छ। यस अवधिमा सहकारी क्षेत्रमा धेरै उतारचढाव भएका छन्। यही सेरोफेरोमा नेपालमा सहकारी सङ्घ संस्था र सरकारी निकायहरूले ६९ औँ राष्ट्रिय सहकारी दिवस चैत २० गते विभिन्न कार्यक्रमसहित मनाउँदै छन्। नेपालको पहिलो सहकारी संस्था चितवन जिल्ला बखानपुर हुलाक सेरवासमा 'बखानपुर सहकारी ऋण समिति' को नाममा सहकारी विभागमा २०१३ साल चैत २० गते दर्ता भएको प्रमाणलाई आधार मानी सहकारी दिवस मनाउँदै आएको हो। राष्ट्रिय सहकारी महासङ्घले पहिलोपटक त्यस सहकारी संस्था दर्ता भएको पचास वर्ष पुगेको अवसरमा २०६३ सालमा काठमाडौँमा राष्ट्रिय सहकारी स्वर्ण जयन्ती मनाएपछि निरन्तर मनाउँदै आएको छ। यसको सिलसिला अहिले जिल्ला र स्थानीय तहसम्म पुगेको छ।

नेपालमा सहकारी ऐन २०४८ लागु भएपछि जनस्तरबाट स्वस्फुर्तरूपमा सहकारी संस्था र त्यसमा सदस्यताको आबद्धता बढेको पाइन्छ। हालै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले प्रकाशित गरेको 'सहकारी क्षेत्रको स्थिति पत्र' अनुसार नेपालमा २०८२ सालसम्ममा ३२ हजार ९६५ सहकारी संस्था र १ करोड ०९ लाख ७५ हजार सदस्य आबद्ध भएको जनाएको छ। सहकारी संस्थाहरूले ११ खर्ब २५ अर्ब २८ करोड रूपैयाँ निक्षेप सङ्कलन गरी ९ खर्ब २३ अर्ब ७४ करोड रूपैयाँ ऋण लगानी गरिएको र ९० हजार २६५ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको तथ्याङ्कले देखाएको छ। यस तथ्याङ्कबाट नेपालको वित्तीय क्षेत्रमा सहकारीको योगदान १६ प्रतिशतभन्दा बढी रहेको प्रस्ट छ।

बैङ्क तथा वित्तीय संस्थाहरूको पहुँच नपुगेको गाउँ, बस्तीहरूमा सहकारी संस्थाहरूले वित्तीय सेवा पुऱ्याएका छन्। सदस्यहरूसँगको सामीप्यमा रही वित्तीय कारोबार गर्ने भएकोले सदस्यहरूको लागि बचत तथा ऋण सहकारी संस्था नजिकको छिमेकीसरह भएको छ । समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरूले थोरै थोरै तर नियमित र दीर्घकालीन बचतका कुरा सदस्यहरूलाई सिकाउँछ। 'थोपा थोपा मिली समुद्र बन्छ' भनेजस्तै थोरै थोरै बचतबाट पनि ठुलो रकम जोहो गर्न सकिन्छ भन्ने कुरा सहकारीले बुझाउँछ। वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूले बचत गराउने मात्र होइन, सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उकास्ने काम पनि गर्छ। सानो तिनो कार्यदेखि लिएर क्षमताअनुसारको ऋण पनि सहज रूपमा प्रदान गर्ने काम गर्छ। यति मात्र होइन सहकारी सिद्धान्तअनुसार सहकारी संस्थाहरूले आफ्नो गक्षअनुसारको सामाजिक हितका कार्यहरू पनि गरेको हुन्छ। तर, सहकारी क्षेत्रका यस्ता सबल र असल अभ्यास भइकन पनि त्यसको नाजायज फाइदा लुट्ने केही व्यक्तिहरूका कारणले सहकारी क्षेत्रलाई निन्दा गरिएको अवस्था पनि छ।

सरकारी निकायको कमजोर नियमन, आम मानिसमा सहकारी शिक्षा तथा वित्तीय साक्षरताको कमी र अभियन्ताहरूमा सुशासनमा आएको ऱ्हासको कारणले पवित्र सहकारी क्षेत्रलाई केही व्यक्तिहरूले दुरूपयोग गर्ने अवसरको रूपमा लियो। सहकारी भावना र मूल्य मान्यतालाई तिरस्कार गर्दै सर्वसाधारणलाई लोभलालच देखाएर रकम बटुले र आफुखुसी रकम दुरूपयोग गर्ने सहकारी संस्थाहरूले बचत फिर्ता गर्न नसकी सङ्कटमा परेका हुन्। वित्तीय कारोबार गर्ने सहकारी संस्थाले वित्तीय अनुशासन तथा वित्तीय विश्लेषणका मापदण्ड तथा नियमहरू पालना गर्नु आवश्यक छ। जसरी मानव शरीरलाई तन्दुरुस्त राख्न रक्तचाप (ब्लड प्रेसर), चिनीरोग (सुगर), बाथ (युरिक एसिड) जस्ता सङ्केतहरू सन्तुलनमा राख्नुपर्छ भनेजस्तै नै वित्तीय मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूले पनि त्यसका वित्तीय विश्लेषण मापनका सुचाङ्कहरू अनिवार्य रूपमा पालना गर्नुपर्ने हुन्छ। सञ्चालकहरूको खराब नियतका अलावा त्यस्ता वित्तीय सूचकहरूलाई बेवास्ता गरेको कारणले पनि वित्तीय रूपमा मुख्य कारोवार गर्ने सहकारी संस्थाहरू सङ्कटमा परेको हो भन्न गाऱ्हो छैन।

तर, केही बदमासी गर्ने सहकारीहरू धराशायी हुँदैमा समग्र सहकारी क्षेत्रलाई धमिल्याउन खोज्नु गलत हुन्छ। सहकारीका आफ्नै मूल्य र मान्यताहरू छन्। सहकारीको विश्वव्यापी सञ्जाल छ। विश्वभरि नै यसको लोकप्रियता छ। नेपालमा पनि यसको प्रभाव कम छैन। तर, नेपालमा केही गलत प्रवृत्ति र वित्तीय अपराध गर्ने खालका सहकारीको उपस्थितिले गर्दा सहकारीप्रति हेर्ने दृष्टिकोणमा नकारात्मक प्रभाव परेको हो। सहकारी भनेको स्वनियम र स्वअनुशासनमा चल्ने संस्था हो। समुदायमा आधारित रही वित्तीय अनुशासनलाई पालना गरी सञ्चालनमा रहेका वित्तीय सहकारी संस्थाहरू अहिले पनि जनतामाझ लोकप्रिय छन्।

आर्थिक विकासमा टेवा पुऱ्याउने काम बैङ्क तथा वित्तीय संस्थाहरूको मात्र होइन, सहकारी संस्थाहरूको पनि हो। हाल नेपालमा १०७ वटा बैङ्क वित्तीय संस्थाहरू छन्। त्यसमध्ये अधिकांशको मुख्य कार्यालय काठमाडौँ उपत्यकामा छन्। त्यसका शाखाहरू पनि प्राय: सहरमुखी नै छन्। सहरमुखी बैङ्क तथा वित्तीय संस्थाहरूले ग्रामीण भेग तथा न्यून आय भएका जनतासमक्ष पर्याप्त बैङ्किङ सुविधा तथा आर्थिक क्रियाकलाप पुऱ्याउन नसकेको स्वयम् बैङ्क सञ्चालकहरू स्वीकार्छन्। बैङ्क तथा वित्तीय संस्था सञ्चालनका लागि ठुलो धनराशिको आवश्यकता हुन्छ। ठुला पुँजीमा सञ्चालित बैङ्क तथा वित्तीय संस्थाहरूले यथार्थमा न्यून आय भएका ग्राहक खोज्दैनन्। ठुला व्यवसायी, ठुला निक्षेपकर्ता र ठुलो रकम ऋण लिने ग्राहक मन पराउँछन्। वास्तवमा सानोतिनो कारोबारीलाई बेवास्ता गर्छन्। बैङ्कमा मालिक र ग्राहक अलग्ग अलग्ग हुन्छ। मालिकले पुँजी लगानी गर्छ ग्राहकसँग कारोबार गर्छ। ग्राहकलाई खुसी पारी नाफा कमाउनु लगानीकर्ताको मुख्य उद्देश्य हुन्छ। त्यसैले भन्ने गरिन्छ, बैङ्क भनेको 'पुँजीवादको स्नायु' हो।




सहकारीका सदस्यहरू मालिक आफै हुन्छ, ग्राहक पनि आफै हुन्छ। 'एकका लागि सबै, सबैका लागि एक' भन्ने मान्यताका साथ सहकारी संस्थाहरू चलेको हुन्छ। कारोबारी र लगानीकर्ता पनि सदस्यहरू नै हुने भएकाले लगानीको आधारमा मुनाफा र कारोबारको आधारमा संरक्षित पुँजी फिर्ता कोष वितरणको बन्दोबस्त सहकारी संस्थामा हुन्छ। मुनाफा भएको रकमबाट सहकारी शिक्षा कोष, संस्थागत विकास कोष र सामुदायिक विकास कोष जस्ता कोषहरूको बन्दोबस्त पनि सहकारी संस्थामा हुन्छ। सहकारीले नाफा कमाउने मात्र मुख्य उद्देश्य राख्दैनन्। सहकारी ऐनले नै पन्ध्र प्रतिशतभन्दा बढी लाभांस वितरण गर्नबाट रोक लगाएको छ। यसको मनसाय भनेकै सदस्यहरूलाई नाफा मात्रै वितरण गर्ने होइन; सेवा प्रदान गर्ने पनि हो। सहकारीका आफ्नै मूल्य मान्यताहरू छन्। आत्म सहयोग (आफ्नो सहयोग आफै गर्ने), स्वउत्तरदायित्व (आफै जिम्मेवार, जवाफदेही), प्रजातन्त्र ( सदस्यहरूले सदस्यहरूका लागि सदस्यहरूद्वारा व्यवस्थापन गरिने), समानता (सदस्यहरूबिच धर्म, जात, पेसा आदिका आधारमा भेदभाव नगरिने), समन्याय (लगानीको आधारमा बराबर प्रतिफल प्राप्ति), ऐक्यबद्धता (एकताबाट बलियो हुने विश्वास) सहकारीका आधार मूल्यहरू हुन्। जो संस्था र सदस्यबिच सम्बन्धित छ भने इमानदारिता ( नीतिअनुरूपको आचरण गर्ने) खुलापन (स्वेच्छाले सदस्य बन्न र छोड्न पाउने पारदर्शी), सामाजिक उत्तरदायित्व ( समाजको लागि पनि काम गर्नुपर्ने जिम्मेवारी), अरुको हेरचाह (सदस्यको हितको लागि काम गर्दा गैरसदस्यलाई आघात नपुऱ्याउने बरु सहयोग पुऱ्याउने) जस्ता नैतिक मूल्यहरू संस्था र समाजबिचको सम्बन्धसँग सम्बन्धित छ।

यसरी सामाजिक भावना विकास गर्ने, सदस्यहरूको सांस्कृतिकस्तर तथा जीवनस्तर उकास्नेजस्ता पवित्र कामलाई प्राथमिकता दिनुपर्ने सहकारी संस्थाहरूमा केही बदमासी गर्नेहरूको प्रवेशको कारणले आजको सहकारी क्षेत्र केही बदनाम हुन पुगेको हो। त्यसलाई निराकरण गर्नको लागि आगामी दिनमा पक्षपातरहित ढङ्गले एकद्वार प्रणालीमा नियमन, अभियन्ताहरूमा सुशासनको बलियो पालना र सदस्यहरूका समाजमा रहेका व्यक्तिहरूका लागि वित्तीय साक्षरता तथा सहकारी शिक्षा दिनु आजको आवश्यकता हो। साथै बचत अपचलन गर्ने सञ्चालक वा सम्बन्धित व्यक्तिहरू चाहे त्यो राजनैतिक वा सरकारी उच्चपदस्थ व्यक्ति किन नहोस् त्यस्ता व्यक्तिहरूको सम्पत्तिबाट असुलउपर गरी बचतकर्ता सदस्यहरूलाई बचत फिर्ता गर्न सकेमा सहकारीको साख आउँदा दिनमा अझ उच्च हुन्छ र राष्ट्रिय सहकारी दिवस मनाउनुको सार्थकता पनि हुन्छ।

# माग, आपूर्ति र नागरिक दायित्वको दर्शन

✍ इकुश्रे

अर्थशास्त्रको एउटा सर्वमान्य सिद्धान्त छ - मूल्य बढे माग घट्छ र मूल्य घटे माग बढ्छ। यो बजारको तथ्याङ्क मात्र होइन, बरु मानव मनोविज्ञानको एउटा कडी पनि हो। मानिस स्वभावैले सुलभता र सहजताको खोजीमा रहन्छ। जब वस्तु वा सेवाको मूल्य बढ्छ तब उपभोक्ताको क्रयशक्ति र इच्छामा सङ्कुचन आउँछ। अर्कोतिर पूर्तिको नियमले भन्छ– मूल्य बढे आपूर्ति बढ्छ र मूल्य घटे आपूर्ति घट्छ। अर्थात्, बढी नाफाको लोभमा व्यापारीहरू बढी सामान बजारमा पठाउन चाहन्छन्। बजारको यो लुकामारीमा माग र पूर्तिको एउटा बिन्दुमा पुगेर मूल्य निर्धारण हुन्छ। तर, के यो नियम भौतिक वस्तु र पैसाको लेनदेनमा मात्र सीमित छ ? यदि हामीले यसलाई अलि गहिराइबाट नियाल्यौँ भने, यसले राज्य सञ्चालन र नागरिक जीवनको एउटा गम्भीर पक्षलाई उजागर गर्छ। जसरी माग र पूर्तिको अन्तरक्रियाबाट मूल्यको सन्तुलन मिल्छ, त्यसरी नै सरकार र जनताबिचको कर्तव्य र अधिकारको सन्तुलनबाट देशको 'जीवनमूल्य' निर्धारित हुन्छ।

राज्य एउटा ठुलो बजारजस्तै हो, जहाँ सरकार 'आपूर्ति' गर्ने निकाय हो भने जनता 'माग' गर्ने शक्ति हुन्। जनताले सुशासन, सुरक्षा, विकास र न्यायको माग गर्छन्। सरकारले ती सेवाहरूको आपूर्ति गर्ने वाचा गर्दछ। तर, जब माग र आपूर्तिबिचको यो सन्तुलन बिग्रिन्छ, तब समाजमा अराजकता र असन्तुष्टिको मूल्य बढ्न थाल्छ। आजको सन्दर्भमा हेर्ने हो भने, राज्यप्रति नागरिकका अपेक्षाहरू आकाशिएका छन् तर ती अपेक्षाहरू पूरा गर्ने सरकारी संयन्त्र र राजनीतिक इच्छाशक्तिको आपूर्ति भने साँघुरिँदै गएको देखिन्छ। अर्थशास्त्रमा मूल्य बढी हुँदा माग घट्नु स्वाभाविक मानिए तापनि, नागरिक जीवनमा जब राज्यले दिने सेवाको 'नैतिक मूल्य' र 'गुणस्तर' घट्छ तब जनतामा राज्यप्रतिको भरोसा पनि घट्न थाल्छ। यो भरोसाको अभाव नै अन्ततः राष्ट्रिय सङ्कटको जननी बन्न पुग्छ।

संसारको कुनै पनि उत्कृष्ट व्यवस्था कागजमा लेखिएका कानुनले मात्र चल्दैन। यसका लागि सरकार र नागरिक दुवैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सरकारका आफ्नै काम, कर्तव्य र अधिकार छन् भने जनताका पनि उत्तिकै गहन जिम्मेवारीहरू छन्। हामी अक्सर सरकारलाई गाली गरेर आफ्नो कर्तव्यबाट च्युत हुन खोज्छौँ तर यो बिर्सन्छौँ कि सरकार पनि अन्ततः समाजकै प्रतिबिम्ब हो। यदि समाजमा इमानदारीको माग छैन भने सरकारले इमानदारीको आपूर्ति गर्न सक्दैन। यदि नागरिकहरू केवल अधिकारको खोजीमा दौडिरहने र कर्तव्यको पालना गर्न हिचकिचाउने हो भने, त्यहाँ सन्तुलित राज्यको परिकल्पना गर्नु व्यर्थ हुन्छ। देश र जनताको जीवनमूल्य तब मात्र व्यवस्थित हुन्छ जब यी दुवै पक्षबिचको अन्तरक्रियामा कर्तव्यबोध प्रधान हुन्छ। अधिकारको माग गर्नु जति जायज छ, कर्तव्यको पालना गर्नु त्योभन्दा बढी अनिवार्य छ।

सरकार असल हुनुको अर्थ कुशल प्रशासन चलाउनु मात्र होइन, बरु नागरिकका भावना र आवश्यकतालाई सही ढङ्गले सम्बोधन गर्नु पनि हो। तर, सरकार कसरी असल बन्छ ? यसको उत्तर नागरिकको सचेततामा लुकेको छ। एउटा भनाइ छ, "जनता जस्ता हुन्छन्, सरकार उस्तै हुन्छ।" यदि जनता विवेकशील, शिक्षित र सचेत छन् भने उनीहरूले खराब नेतृत्वलाई स्वीकार गर्दैनन्। नागरिकहरू असल र जिम्मेवार भएमा सरकारलाई गलत बाटोमा जानबाट रोक्न सकिन्छ। असल नागरिकले नै असल सरकारको जग बसाल्छन्। त्यसैले, सरकार असल भए जनता असल हुने र जनता असल भए सरकार असल हुने यो प्रक्रिया एउटा चक्रजस्तै हो। यसलाई अलग-अलग गरेर हेर्न सकिँदैन। यी दुईबिचको सकारात्मक द्वन्द्व र सहकार्यले नै राष्ट्रको चरित्र निर्माण गर्छ।

अन्ततः, देशको समृद्धि र सुखको कुञ्जी भनेको सरकार र जनता दुवैको 'असलपन' नै हो। जब शासकले आफूलाई मालिक होइन, सेवक ठान्छ र नागरिकले आफूलाई निरीह होइन, देशको मालिक ठान्दै कर्तव्य पूरा गर्छन्, तब मात्र देश सुखी र समृद्ध बन्न सक्छ। समृद्धिको मापन अग्ला भवन वा फराकिला सडकले मात्र हुँदैन, बरु नागरिकको अनुहारमा देखिने सन्तुष्टि र राज्यप्रतिको अटुट विश्वासले हुन्छ। अर्थशास्त्रको माग र आपूर्तिको नियमले भौतिक बजारलाई चलाए जस्तै, नैतिकता र कर्तव्यको नियमले राष्ट्रलाई चलाउँछ। यदि हामीले आ-आफ्नो भूमिकामा इमानदारीको लगानी गऱ्यौँ भने, देशको भविष्य उज्ज्वल हुने निश्चित छ। सुख र समृद्धिको सपना साकार पार्नका लागि अब हामीले 'माग' गर्ने मात्र होइन, 'योगदान' को आपूर्ति गर्ने सङ्कल्प पनि गर्नुपर्छ।

दर्ता नं.: ४७/०५५/५६ पान नं.: ३०१३७५१३९

"आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी"

**सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.**

Samuhik Saving & Credit Co-op. Society Ltd.

बोलाछें, भक्तपुर न.पा.-३, भक्तपुर । फोन नं.: ०१-६६१३५१२, ६६१११२४

## भाखा नाघेको ऋणको सावाँ ब्याज तथा अन्य बक्यौता बुझाउनेबारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८२।१२।२०**

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट ऋण लिँदा यस संस्थालाई लेखिदिएको तमसुक, सर्त सम्झौताबमोजिम संस्थालाई तिर्नुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना रकम तिर्न बुझाउन पटकपटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दासमेत बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना र अन्य बक्यौता रकमसमेत हालसम्म चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बुझाउनका लागि सम्बन्धित ऋणी, धनजमानी एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त मितिभित्र बक्यौता रहेको सम्पूर्ण रकम नबुझाएमा ऋणीले संस्थालाई लेखिदिएको सर्तबमोजिम ३६ औँ दिनको दिन सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३०, दफा ३२, दफा ३५ अनुसार निजको सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना सावाँ, ब्याज तथा हर्जना र अन्य बक्यौता रकम असुलउपर गरिने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ। लिलामीसम्बन्धी विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको छ।

| क्र.सं. | ऋणी सदस्यको तीनपुस्ते विवरण | ऋणी सदस्यका फोटो | जमानीकर्ताको तीनपुस्ते विवरण | जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| १. | **ऋणीको नाम थर** : न्हुछेमाया धौबन्जार<br>**ना.प्र नं** : ४४८८<br>**जारी जिल्ला** : भक्तपुर<br>**जारी मिति** : २०५१/१०/१२<br>**सदस्यता नं** : ४६९०<br>**ससूराको नाम थर** : गणेशबहादुर सुवाल<br>**श्रीमान्को नाम थर** : रामसुन्दर सुवाल<br>**बुबाको नाम** : बाबुकाजी धौबन्जार<br>**बाजेको नाम** : दुर्गादास धौबन्जार<br>**स्थायी ठेगाना**: भक्तपुर न.पा.वडा नं.-१<br>हाल सू.न.पा.६, सूर्यविनायक तीनधारा<br>**जग्गाको विवरण** :<br>**जिल्ला** : भक्तपुर गा.वि.स. सिपाडोल<br>**वडा नं.** : १<br>**सिट नं.** : १(ख)<br>**कित्ता नं.** : २६६७<br>**क्षेत्रफल** : ०-२-२-०<br>**हालसम्मको तिर्न बुझाउन बाँकी रकम** : ८६,३७,७३६।३४ |  | **जमानीको नाम थर** : रामसुन्दर सुवाल<br>**ना.प्र नं** : १८१७<br>**जारी जिल्ला** : भक्तपुर<br>**जारी मिति** : २०५०/११/२९<br>**सदस्यता नं** : ४६८९<br>**बुबाको नाम थर** : गणेशबहादुर सुवाल<br>**बाजेको नाम थर** : गणेश सुवाल<br>**स्थायी ठेगाना** : भक्तपुर न.पा.वडा नं.-१<br>हाल सू.न.पा.६, सूर्यविनायक तीनधारा |  |

## हार्दिक समवेदना



जन्म
२०००/०२/१५

निधन
२०८२/१२/०९

यस संस्थाका सदस्यता नं. १८३१ का सदस्य **रत्नकेशरी सकिजू**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म
२०१५।०१।०७

निधन
२०८२।१२।१४

हाम्रा मिलनसार मित्रहरू कृष्णप्रसाद जाकिबन्जार र कृष्णराम जाकिबन्जारका पूजनीय पिता **कृष्णभक्त जाकिबन्जार**को दु:खद निधन भएको आज **सातौं दिन (न्हेनुमा)** को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

कुमार जाकिबन्जार
राजु त्वाती
बालकृष्ण छुस्याकी
राजाराम नागा
लक्ष्मीसुन्दर सुवाल
राजाराम गाइजु
दिपेश त्वाती

# सैद्धान्तिक मात्रै नभई व्यावहारिक शिक्षा दिनुपर्ने

भक्तपुर, १९ चैत । भक्तपुर नगरपालिकाका उपप्रमुख तथा ख्वप बहु-प्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा-स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको उल्लेख गर्दै नागरिकले आफ्नो भाषा, संस्कृति, सम्पदालाई माया गरी सोको संरक्षण तथा संवर्द्धन गनुपर्नेमा जोड दिनुभयो ।

समाज सुधार माध्यमिक विद्यालयमा बिहीबार आयोजित स्वास्थ्यसम्बन्धी अध्ययनबाट प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण तथा जनचेतनामूलक नाटक प्रदर्शनीमा उपप्रमुख रजनी जोशीले विद्यार्थीहरूलाई सैद्धान्तिक शिक्षा मात्रै नभई व्यावहारिक शिक्षा दिन सके दिगो विकासको आधार तयार हुने र सभ्य समाज तथा नागरिक तयार हुने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिकाले गर्दै आएको सेवा सुविधाबारे नगरवासीलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण गर्दै आएको बताउनुभयो ।




ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले नयाँ पुस्ताले आफ्नो ज्ञानको परिधि सीमित नगरी अथाह ज्ञानको सागरबाट सकारात्मक सोच तथा संस्कारलाई आत्मसात गर्नुपर्ने बताउनुभयो । उहाँले सैद्धान्तिक शिक्षाको साथै समुदायमै रही त्यहाँको अध्ययन अनुसन्धानबाट समाजको वास्तविक चित्रको बारेमा जानकारी पाउन सकिने बताउनुभयो ।

अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले नर्सिङ प्रथम वर्षका विद्यार्थीहरूले भक्तपुर नगरपालिका वडा नं. ८ मा गरेको एक महिने सामुदायिक अध्ययनको दौरानमा सङ्कलन गरेका तथ्याङ्कले वडाको समस्या तथा सुधार गर्नुपर्ने क्षेत्रका बारेमा जानकारी दिएको बताउनुभयो ।

कार्यक्रममा नर्सिङ विभागीय प्रमुख ईश्वरी डंगोलले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नर्सिङ विद्यार्थीहरूले स्वास्थ्यसम्बन्धी विविध तथ्याङ्कहरू प्रस्तुत गर्नुका साथै जनचेतनामूलक नाटक र विभिन्न सांस्कृतिक झाँकीहरू प्रस्तुत गरेका थिए ।

ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा नर्सिङ प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूले सामुदायिक अध्ययनको सिलसिलामा भक्तपुर नगरपालिका वडा नं. ८ का ४०० परिवारमा स्वास्थ्यसम्बन्धी अध्ययन गरेका थिए ।

***संसद...***

गरी कमाइएका सबै सम्पत्ति राष्ट्रियकरण गरेर देश विकास या उद्योग खोल्नेतर्फ सरकारको ध्यान जानुपर्छ । कुनै निजी या सार्वजनिक सम्पत्ति जलाएर भ्रष्टाचार अन्त्य हुँदैन ।

शिक्षा जीवनोपयोगी हुनुपर्छ । देशमै काम-मामको सुनिश्चित हुनुपर्छ । प्रतिपक्षलाई दबाउने, दमन गर्ने काम सरकारले रोक्नुपर्छ । शान्तिपूर्ण आन्दोलनमा निर्मम तरिकाले दमन गर्ने कार्य कुनै पनि नेपालीको लागि स्वीकार्य हुनेछैन । संविधानभन्दा बाहिर गएर निर्मतापूर्वक दबाउने, शारीरिक र मानसिक यातना दिने काम सरकारले रोक्नुपर्छ । सरकारले सदनमा होस् या सडकमा जनताका समस्या सुन्नेमात्र होइन पूरा गर्ने पाइला चाल्नुपर्छ । सरकारको नेतृत्व गर्ने दलका नेताहरूले जनताको आवाजलाई सम्बोधन गर्नुपर्छ । साना-तिना सुधारात्मक कार्य गरेर समग्रमा देश र जनताको सेवा र विकास भुल्ने काम सरकारले गर्नुहुँदैन ।

बहुमत प्राप्त दल रास्वपालाई दुईतिहाइ पुऱ्याउने नाउँमा देशमा संवैधानिक राजतन्त्र फर्काउने गल्ती सरकारले गर्नु हुँदैन । बरू, सरकारले देशमा विदेशी नागरिकहरूले वंशजको आधारमा नेपाली नागरिकता लिन पाउने प्रावधानका असमान सन्धि सम्झौताहरू खारेज गर्नुपर्छ । ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ता पाउने उमेर बढाउने होइन जीवन जोहो पुग्ने गरी सुनिश्चित गर्नुपर्छ । सरकारले बहुमतको हुङ्कार देखाएर कसैलाई दबाउने, तर्साउने होइन । जनताको जीवन सहज ढङ्गले अघि बढाउने वातावरण सरकारले तयार गर्नुपर्छ । राजनीतिक नियुक्तिको बखान गरेर कार्यरतलाई निकालेर आफ्नो दलका कार्यकर्तालाई नियुक्ति गर्ने विगतको कमजोरीलाई यो सरकारले दोहोऱ्याउनु हुँदैन । महँगी नियन्त्रण हुनुपर्छ । ढिलासुस्ती रोक्नुपर्छ । घुसबिना काम नगर्ने प्रवृत्ति रोक्नुपर्छ । देशमा साँच्चै सुशासन छाउनुपर्छ । विभेद र असमानता अन्त्य हुनुपर्छ ।

## हार्दिक समवेदना



जन्म : २००६।०७।१५
निधन : २०८२।१२।१५

यस समितिका सदस्य मैयालक्ष्मी त्यातकी सासूआमा **भुवनेश्वरी कोजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समिति**
दुगुरे, भ.न.पा.-९

## हार्दिक समवेदना



जन्मः २०३९/०३/०५
निधनः २०८२/१२/०२

भक्तपुर जिल्ला हाल सू.न.पा. वडा नं. ८ जगाती टोल बस्ने यस संस्थाका सदस्यता नं. ४६१ का सदस्य **पुण्यराम कवां**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायको मिति, समय र स्थानमा अनिवार्य शिक्षा शिविर सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम**
**मिति** : २०८२ चैत २१ गते, शनिबार
**समय** : बिहान ७:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**शिक्षा उपसमिति**

### संस्थाको खँचास्थित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू




- **दैनिक रूपमा डाक्टरबाट साधारण स्वास्थ्य परीक्षण र उपचार सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म
- **फिजियोथेरापी सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म
- **डेन्टल सेवा**: सोमबारदेखि शनिबार बिहान ९:०० बजेदेखि २:०० बजेसम्म
- **मुटुरोगसम्बन्धी सेवा**: प्रत्येक बिहीबार बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म
- **डा. रत्नसुन्दर लासिवाबाट स्वास्थ्य परीक्षण सेवा**: प्रत्येक शनिबार बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म

**पुनश्चः संस्थाको कार्यालय भवन, चोर्चाबाट बिहान ८ बजेदेखि ९ बजेसम्म र स्वास्थ्य क्लिनिक, खँचाबाट बिहान ७ बजेदेखि ९ बजेसम्म नि:शुल्क रक्तचाप परीक्षण भइरहेको जानकारी गराइन्छ।**

**स्वास्थ्य उपसमिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE
Certified By Association of Asian Confederation of Credit Unions

## हार्दिक समवेदना



जन्म
२०३७/०८/२०

निधन
२०८२/१२/१५

यस संस्थाका सदस्यता नं. ४६५ का सदस्य **बालकुमारी किजू**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म : २०१३।०८।०८
निधन : २०८२।१२।१४

हाम्रा पूजनीय दाजु तथा मामा **रामकृष्ण त्वायना**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बहिनी/ज्वाइँहरू**
रामलक्ष्मी सुवाल
कृष्ण सुवाल
रामकेशरी न्हेम्हाफुकी
आसराम न्हेम्हाफुकी

**भान्जाहरू**
मनोजकुमार बखुन्छे
राजेन्द्र/दिलकुमार बखुन्छे

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### प्रवचन कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा भक्तपुर नगरपालिकाको आयोजनामा ६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा हुने सहकारीसम्बन्धी प्रवचन कार्यक्रममा संस्थाबाट सञ्चालक प्रतिनिधि एक र कर्मचारी एक गरी दुई जना निम्न मिति, समय र स्थानमा सहभागिताको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**
**मिति** : २०८२।१२।२० गते शुक्रबार
**समय** : दिनको १:०० बजे
**स्थान** : भ.न.पा. सभाकक्ष, ब्यासी

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा